# परिच्छेद - एक

## १. शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोध अध्ययनको शीर्षक **कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा विभाग कीर्तिपुरअन्तर्गत नेपाली भाषा समूह स्नातकोत्तर (एम.एड.) तह दोस्रो वर्ष नेपा.शि. ५९८ पाठ्यक्रमको आवश्यकता परिपूर्तिका लागि तयार गरिएको छ ।

### १.३ समस्याकथन

भाषा विचार विनिमय र ज्ञानआर्जनको माध्यम हो । भाषाका चारवटा सीपहरु सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषासँग सम्बद्ध सीप हुन् । यी मध्ये सुनाइ र बोलाइ आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् । भाषाका यी चारवटै सीपहरू एक आपसमा अन्तर्सम्बन्धित रहेका हुन्छन् ।

भाषा सिकाइ भाषिक समाजमा विचारको सम्प्रेषणबाट हुन्छ । प्रारम्भमा भाषा सम्प्रेषणका लागि सुनाइ र वोलाइबाट काम चलाइन्छ भने पढाइ र लेखाइ सीपले भाषाको पाठ्य र लेख्य रुपलाई प्रतिनिधित्व गर्दछ । भाषाका चारवटै सीपहरुमध्ये लेखाइ सीप एक महŒवपूर्ण र आवश्यक सीप हो, जो विना भाषा अपुरो हुन्छ । लेखाइ सीपले भाषालाई प्रौढता, स्तरीय र चिरस्थायी बनाउने गर्दछ । मनमा गुम्सिएर रहेका कुराहरू व्यक्त गर्ने महŒवपूर्ण माध्यम लेखाइ हो । अझ भन्नुपर्दा लेखेर नै जीविका

चलाउने कलमजीविहरूका लागि यो अत्यावश्यक एवम् आधारभूत सीप बन्न जान्छ । यसरी मानवीय जीवनमा लेखाइ सीपको प्रत्यक्ष सम्बन्ध रहेको छ । त्यसैले विद्यालयका तल्ला तहदेखि नै विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजानु अत्यावश्यक भइसकेको छ । लेखाइ सीप विकासका लागि लेखनसम्बन्धी धेरै कार्यकलापहरु विद्यमान छन् । निबन्धलेखनलाई लेखनकला विकासको महŒवपूर्ण कार्यकलापका रुपमा लिइएको छ किनकि निबन्धलेखनमा लेखाइसम्बन्धी सम्पूर्ण ढाँचा हुन्छ । विभिन्न अनुच्छेदमा विचारको श्रृङ्खलाबद्ध अभिव्यक्तिको अपेक्षा निबन्धमा गरिन्छ । निबन्ध लेखनमा अनुच्छेदबद्धताले निकै महŒव पाउँछ ।

निबन्धलेखनमा अनुभव र ज्ञान सम्पन्नताको महŒवपूर्ण हात रहन्छ । सफल निबन्धलेखनले लेखाइको प्रौढताको सङ्केत गर्दछ । निबन्ध अन्य साहित्यिक विधाभन्दा गहन भएको हुँदा सफल लेखनभन्दा पहिले विद्यार्थीहरूले सामान्यतः खास वस्तु, चित्र, अनुभव तथा घटनाका विषयमा लिखित अभिव्यक्ति दिनसक्ने हुनुपर्दछ । निबन्धलेखन सीप विकासको महŒवपूर्ण आधार हो । बालबालिकालाई प्रारम्भिक कक्षाहरुमा उनीहरूसँग परिचित छोटो निबन्ध लेख्न लगाएर लेखाइ सीप विकास गराउने प्रयत्न गरिन्छ । विद्यालय तथा विश्वविद्यालय तहका नेपाली पाठ्यक्रमहरूले निबन्ध विधा शिक्षण तथा निबन्ध लेखन शिक्षणसम्बन्धी पाठ्यवस्तु छनोट गरी स्तरण गरिएको तथ्यले यसको महŒव अझ स्पष्ट हुन्छ ।

यसरी शैक्षणिक पाठ्यकमहरूले निबन्धलेखनसम्बन्धी पाठ्यवस्तुलाई महŒव दिइरहेको परिप्रेक्ष्यमा विद्यालय तहको माथिल्लो विशेष गरी कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुमा केन्द्रित रहेर अनुसन्धान अध्ययन गर्ने उद्देश्यले **कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन** शीर्षकसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार देखाइएको छ :-

क) कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

ख) कक्षा १० मा अध्ययनरत निम्नलिखित समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

अ) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ?

आ) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ?

इ) लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ?

ई) स्थानीयताका आधारमा ग्रामीण र सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ?

ग) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूमा निबन्धलेखनसम्बन्धी के-कस्ता कमी-कमजोरीहरू रहेका छन् ?

घ) निबन्धलेखन सुधारका निम्ति के-कस्ता सुझावहरू हुनसक्छन् ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :-

क) कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु ,

ख) निम्नलिखित दृष्टिले कञ्चनपुर जिल्लाका उल्लिखित विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ,

अ. लिङ्गगत

आ. भाषिक पृष्ठभूमि

इ. स्थानीयता

ई. विद्यालयको प्रकृति

ग) उपर्युक्त विद्यार्थीहमा देखिएका निबन्धलेखनसम्बन्धी कमीकमजोरीहरू पहिचान गरी निराकरण गर्न आवश्यक उपाय पहिल्याउनु ,

## १.५ शोधको औचित्य

भाषा मानवीय वस्तु हो । भाषाको महŒवपूर्ण कार्य विचार विनिमय गर्नु हो । मौखिक र लिखित अभिव्यक्तिको माध्यमबाट विचार आदान-प्रदान गरिन्छ । भाषाको मूल रुप मौखिक नै हो तर पनि शैक्षिक गतिविधि तथा प्रशासनिक कार्यमा भाषाको लिखित स्वरुपलाई प्रयोगमा ल्याइन्छ , मौखिकको दाँजोमा लिखित रुपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी कार्यान्वयनमा ल्याइन्छ । जुन औपचारिक किसिमको हुन्छ । सामान्य अर्थमा लेखपढ गर्न जान्ने व्यक्तिलाई शिक्षित भनिन्छ । यही शिक्षित तथा साक्षरता भन्ने शब्द विशेषतः शिक्षाका क्षेत्रमा नै बढी प्रचलित रहेको पाइन्छ ।

सामान्य रुपमा लेखपढ गर्न जान्नु भनेको भाषाको कथ्यरुपलाई लेख्यरुपमा ढाल्ने क्षमता विकसित गर्दै जानु हो । मानवीय अनुभव र ज्ञानलाई सञ्चित गर्न तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भाषालाई फैलाउनु र सम्प्रेषण योग्य बनाउनका लागि भाषाको लिखित रुपले प्रभावकारी भूमिका खेलेको पाइन्छ । त्यसैले प्रारम्भिक तहबाट नै लेखाइ सीपको विकास गर्दै लैजानु आवश्यक छ । लेखाइ सीपको विकास गर्न निबन्धलेखन प्रक्रिया प्रमुख कार्यकलापका रुपमा रहन्छ । निबन्धलेखन प्रक्रियासँग अधिकांश लेखाइसम्बन्धी ज्ञानात्मक, संज्ञानात्मक पक्षहरू समावेश हुनेहुँदा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन आवश्यक देखिन्छ । यसरी विद्यार्थीहरूमा विकसित लिखित क्षमता पहिचान गर्ने प्रमुख आधार निबन्धलेखन भएको हुँदा यस अध्ययनमा विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई अग्रभूमिका रुपमा स्थापित गरिएको छ ।

कुनैपनि विषयमा केन्द्रित रहेर तथ्य र अनुभवका आधारमा गरिने क्रमबद्ध अभिव्यक्ति नै निबन्ध हो । यसमा निश्चित विचारलाई प्रकट गरिन्छ । निबन्ध मूलतः

दुई प्रकारका बाँडिन्छ - वस्तुपरक र आत्मपरक । विषयवस्तुलाई प्रमुखता दिएर लेखिएको निबन्ध वस्तुपरक हुन्छ । यस्तो निबन्धमा वर्णन, विचार र विवरणको प्रस्तुतीकरण हुन्छ । आफ्ना मनका निजी भावनाहरूलाई महŒव दिएर लेखिएको निबन्ध आत्मपरक हुन्छ । यसमा वस्तुको परिचयभन्दा व्यक्तिगत अनुभवलाई पोखिएको हुन्छ । यिनै भाषिक अभिव्यक्तिहरूको शृङ्खलाबद्ध आँकलन गर्नु प्रस्तुत अध्ययनको महŒवपूर्ण पक्ष हो ।

विद्यालय तहका अतिरिक्त विश्वविद्यालय तहका पाठ्यक्रमहरूमा निबन्ध शिक्षण तथा निबन्धलेखन शिक्षणलाई विशेष महŒवका साथ हेरिएको छ । मूलतः माध्यमिक तहमा विधागत वितरण अन्तर्गत उत्कृष्ट सङ्ख्यामा निबन्धात्मक रचनाहरूलाई विधा शिक्षणका रुपमा समावेश गरिएको छ । निबन्ध सिर्जनात्मक लेखनकै एउटै पाटो हो । सिर्जनात्मक अभ्यास शीर्षकमा समसामयिक विषयहरु समावेश गरी अभ्यास गराउने लक्ष्यले नेपाली विषयका पाठ्यपुस्तकहरूमा निबन्धलेखन प्रकियालाई जोड दिइएको छ । यसै परिप्रेक्ष्यमा **कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन** ले माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको निबन्धात्मक क्षमता पहिचान गरी सोही आधारमा कक्षा शिक्षण गर्न सहयोग मिल्नेछ । सम्बन्धित तहका विद्यार्थीहरूको लेखाइसम्बन्धी प्रौढताको क्षमता पहिचान गर्न र विविध रुपमा पृथक-पृथक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको निबन्धात्मक क्षमता पहिचान गर्न प्रस्तुत अध्ययन मार्गदर्शक बनेको छ ।

वास्तवमा भन्ने हो भने निबन्ध विधा आफैँमा एउटा गहन तथा जटिल विधा हो । विद्यार्थीहरूको स्वतन्त्र लेखनका रुपमा यसलाई विभिन्न तहमा समावेश गरिएको पाइन्छ । त्यसैले यसले साहित्यका विभिन्न विधाहरूमध्ये आफूलाई छुट्टै विधाको अस्तित्वका रुपमा स्थापित गरेको छ । एस.एल.सी. परीक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको लेखनक्षमता पहिचान गरी आवश्यक परामर्श दिने उद्देश्यले प्रस्तुत अध्ययनलाई परिभाषित गरिएको छ । बदलिँदो समयको

अन्तरालसँगै पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, शिक्षणप्रक्रिया र पद्धतिमा परिमार्जित गर्दै लैजान यो अध्ययन मार्गदर्शक बन्नसक्नेछ । विषयगत प्रश्नहरूको समस्या समाधान गर्न ठाउँ र परिस्थितिअनुसार लिखित अभिव्यक्ति दिनसक्ने क्षमता पहिचान गरी त्यसमा आवश्यक परिष्कार र परिमार्जन गर्दै लैजान सम्बन्धित व्यक्ति तथा निकायहरूलाई प्रस्तुत अनुसन्धान अध्ययनको सन्दर्भस्रोत बनेको छ ।

समग्रमा के भन्न सकिन्छ भने **कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन** शीर्षकमा गरिएको अनुसन्धानका लागि पृष्ठभूमिमा सान्दर्भिक भएका प्रश्नहरूलाई राखिएको छ । यिनै प्रश्नहरूको गहन समाधान गर्नमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । यसबाट नै यसको औचित्य छर्लङ्गिएको छ ।

## १.६ शोधको सीमाङ्कन

कुनैपनि अध्ययनको क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । समयको सीमितता, आर्थिक अभाव, भौगोलिक विकटताका कारणले अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाङ्कन नगरिएमा अनुसन्धान अध्ययनहरूको मार्ग धरमराउन सक्छ । त्यसैले प्रस्तुत अध्ययन निम्नलिखित सीमामा आबद्ध रहेको छ :-

क) कञ्चनपुर जिल्लाअन्तर्गतका दोधारा, चाँदनी, कृष्णपुर र सुडा गा.वि.स. का साथै महेन्द्रनगर नगरपालिकाका नमुना छनोटमा परेका आठ (८) वटा विद्यालयहरू मध्येबाट १०/१० जना विद्यार्थीका दरले ८० जनामा मात्र शोध सीमित रहेको छ ।

ख) कञ्चनपुर जिल्लाका विभिन्न गा.वि.स. अन्तर्गतका सरकारी विद्यालयहरू तथा नगरपालिकाअन्तर्गतका सरकारी र निजी विद्यालयहरूबाट कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूलाई लिइएको छ ।

ग) अध्ययनको निष्कर्ष आफूले गरेका अध्ययनबाट प्राप्त तथ्यका आधारमा निकालिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत निबन्धलेखन क्षमताको अध्ययनका लागि मूलतः क्षेत्रीय सामग्रीसङ्कलन विधिद्धारा परीक्षण गरिएको छ । यस कार्यका लागि निम्न प्रक्रिया अपनाइएको छ :-

क) कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्न नमुना छनोट गरिएको छ ।

ख) नमुना छनोट गर्दा कञ्चनपुर जिल्लाअन्तर्गतका गाउँले क्षेत्रहरू दोधारा, चाँदनी, सुडा, कृष्णपुर गरी ४ वटा गा.वि.स. तथा वटा महेन्द्रनगर नगरपालिकाका गरी जम्मा ८ वटा निजी तथा सरकारी विद्यालयहरूको छनोट गरिएको छ ।

ग) उक्त गा.वि.स. तथा नगरपालिकाका प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले विद्यार्थीहरू छनौट गरी जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाका रुपमा समावेश गरिएको छ ।

घ) प्रत्येक विद्यालयहरूबाट १० जना विद्यार्थीहरू छनोट गर्दा स्थानीयता, विद्यालयको प्रकृति, लिङ्गीय भाषिक पृष्ठभूमिका आधारमा छनोट गरिएको छ ।

ङ) पूर्वपरीक्षणका लागि ८ वटा विद्यालयहरू मध्ये कुनै एउटा विद्यालयका १० जना विद्यार्थीहरूलाई छनोट गरी ४ वटा शीर्षक (२ वटा आत्मपरक + २ वटा वस्तुपरक ) दिई परीक्षण गरिएको छ ।

च) पूर्वपरीक्षणका लागि छनोट गरिएका शीर्षकहरूमध्ये विद्यार्थीहरूबाट प्राप्त नतिजाअनुसार जाँच गरी लेखन दक्षताका आधारमा २ वटा ( आत्मपरक +

वस्तुपरक) मात्र छनोट गरी उक्त २ वटा शीर्षकहरू मात्र ८० जना विद्यार्थीहरूलाई लेखाउन लगाइएको छ ।

छ) उत्तरपुस्तिका परीक्षणका लागि उत्तरकुञ्जिका तयार पारिएको छ र उत्तर कुञ्जिकाअनुसार परीक्षण गरिएको छ ।

ज) परीक्षणपश्चात् विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी तालिकीकरणको माध्यमद्वारा प्राथमिक र सहायक तथ्याङ्कहरूको आधारमा उक्त तथ्याङ्कहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**१.८ पूर्वकार्यको समीक्षा**

कुनैपनि अनुसन्धान कार्य गर्नुभन्दा पहिले विगतमा त्यससम्बन्धी भएका अध्ययनअनुसन्धानहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । विगतका अनुभवहरूलाई नै वर्तमानमा प्रेरणादायी दिशानिर्देशकका रुपमा लिनसके मात्र सफलतम् बिन्दुमा अध्ययनलाई पुऱ्याउन सकिन्छ । पूर्वकार्य र इतिहासको मूल्याङ्कन नै नगरीकन अगाडि बढ्न खोज्नु अनुसन्धानको विषयमा कुहिरामा रुमल्लिएको काग झैं हुनु हो । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिंडाउन प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सम्बन्धित पूर्वअध्यनहरूको विशेष महŒव हुन्छ । पूर्वकार्यको अध्ययनबाट नै आफूले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्य भए नभएको बारेमा थाहा हुन्छ तर अनुसन्धानसँग सम्बन्धित नहुँदा पूर्वकार्यको समीक्षामा समेत असहजता वा अप्ठ्यारो महसुस हुने गर्दछ ।

प्रस्तुत शोध **कञ्चनपुर जिल्ला कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन** शीर्षकसँग सम्बन्धित पूर्वअनुसन्धानका अध्ययनहरूलाई आधार मानी हेर्दा यो शीर्षकमा खासै अनुसन्धान नभएको फाट्टफुट्ट एक-दुई अनुसन्धानमात्र गरिएका छन् तर लेखाइसँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धान भए पनि व्याकरणात्मक कोटि, त्रुटिविश्लेषण, चिह्नप्रयोगजस्ता क्षेत्रहरूमा अध्ययनलाई

सीमित गरिएको छ । त्यसैले यहाँ पूर्वकार्यका रुपमा अनुसन्धानमूलक शोधकार्यका निष्कर्षहरू समावेश गर्न अनुकूल नभएपनि विभिन्न विद्वानहरूद्वारा विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्यसामग्रीहरूका रुपमा उल्लेख गरिएका सम्बन्धित पाठ्यांशहरूको सङक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

**हेमाङ्गराज अधिकारीद्वारा** लिखित **नेपाली भाषाशिक्षण** (२०५३) नामक पुस्तकमा भाषाशिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको अध्ययनका बारे कुरा गरिएकाले त्यसमा लेखाइ सीपविकास गर्न जोड दिइएको छ , जसअन्तर्गत लेखाइसीपको महŒव, आवश्यकता, औचित्य लेखाइको प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी, त्रुटिका क्षेत्रहरू लेखाइ शिक्षणका कार्यकलापहरू, लेखाइको शुद्धीकरण, अभ्यासिक र निर्देशित लेखन शिक्षणका क्रममा समेत विचार पुऱ्याउनुपर्ने कुराहरूका बारेमा उल्लेख गरिएको पाइन्छ ।

**केदारप्रसाद शर्मा र माधवप्रसाद पौड्यालको** सहलेखनमा तयार पारिएको **नेपाली भाषा र साहित्य शिक्षण** (२०६०) नामक पुस्तक नेपाली भाषाका साथै साहित्य शिक्षण गर्नका लागि अति नै उपयोगी भएको मानिन्छ । त्यसमा पनि भाषिक कलाका विभिन्न रुपहरूको बारेमा चर्चा गरिएको छ । यस कितावमा लेखाइसीपसँग सम्बन्धित कार्यकलापहरूमा यान्त्रिकता, निर्देशित स्वतन्त्र तथा सिर्जनात्मक निबन्ध अभिव्यक्तिक्षमतासम्बन्धी अध्ययनहरू भएको पाइन्छ । यसमा निबन्ध शिक्षण शीर्षकभित्र निबन्ध शिक्षणको प्रयोजन, प्रक्रिया, शिक्षणक्रम आदिजस्ता उपशीर्षकहरूमा निबन्ध विधालाई समेटिएको पाइन्छ । निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखनकलाको समुचित विकास गर्नु हो भन्दै यसको शिक्षणक्रममा प्रचलित विधिहरु प्रवचन विधि, छलफल विधि, पठनबोध विधि, प्रश्नोत्तर विधि, सूत्र विधि, स्वाध्ययन विधि, समीक्षा विधि, तथा प्रस्तुतीकरणजस्ता विधिको चर्चा गरिएको छ । यसका साथै प्रस्तावना वाचन, कठिनाइ, निवारण, व्याख्याको अनुक्रममा शिक्षणीय क्रमलाई अवलम्बन गर्न सकिन्छ ।

**दिपकबाबु निरौलाद्वारा** तयार पारिएको **कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** (२०६२), नामक अप्रकाशित शोध प्रस्तुत शोधशीर्षकसँग मिल्दो अनुसन्धान अध्ययन हो । यस शोधले विद्यार्थीहरूको लेखन विकासका साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ ? कस्तो खालको विकास  हुन्छ ? भन्नेबारेमा जानकारी दिएको छ । विशेष गरेर लेखाइसीपसँग सम्बन्धित सीप विकास गर्न यसले महŒवपूर्ण भूमिका खेलेको पाइन्छ । प्रस्तुत शीर्षकको अध्ययनमा उद्देश्यहरू, कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु , सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु , मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमता तुलना गर्नु , उनीहरूका कमीकमजोरी पत्ता लगाइ निराकरण गर्नु र सुझाव दिनु आदि रहेका छन् ।

प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा काठमाडौं उपत्यकाका सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको भिन्नतालाई औंल्याइएको  छ । साथै मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएको  छ । काठमाडौं उपत्यकाका १२ वटा विद्यालयहरूबाट जम्मा १२० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित छ ।

यसरी प्रस्तुत शोधमा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूमा निबन्ध लेखन क्षमता न्यून रहेको, विमातृभाषी नेपाली विद्यार्थीको दाँजोमा मातृभाषी नेपाली विद्यार्थीहरूको क्षमता बढी रहेको पाइन्छ । छात्रका तुलनामा छात्राहरूको निबन्ध क्षमता बढी देखाइएको निष्कर्ष पाइन्छ ।

**द्वारिका भण्डारीद्वारा** तयार पारिएको **कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन** (२०६३) नामक अप्रकाशित शोध प्रस्तुत शोध शीर्षकसँग मिल्दो दोस्रो अनुसन्धान हो । यस शोधमा विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको विकासका साथै सिर्जनात्मक क्षमताको विकास के-कसरी गर्न

सकिन्छ भन्ने बारेमा जानकारी दिइएको छ । उक्त शोधको उद्देश्य कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको, अभिव्यक्ति सामर्थ्यको अध्ययन गर्नु , सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्नु , फरक-फरक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु तथा ग्रामीण र सहरी विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, छात्र-छात्राको निबन्धलेखन क्षमताको अध्ययन गर्नु रहेको छ । साथै निबन्धलेखन क्षमता अभिवृद्धि गर्न उचित सुझावहरू दिएका छन् ।

प्रस्तुत शोधमा क्षेत्रीय सामग्री सङ्कलन विधिअन्तर्गत रही उपत्यकाका सरकारी तथा निजी गरी १० वटा विद्यालयहरूका (१०X १०=१००) १०० जना विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाउनु भन्दा पूर्व ४/५ वटा शीर्षक दिई १०/१५ जनामा पूर्वपरीक्षण गरी उपयुक्त ठहरिएका २/३ शीर्षकमा निबन्ध लेखाइएको छ ।

### १.९ शोधको रुपरेखा

प्रस्तुत शोधको रुपरेखा निम्नानुसार रहेको छ :-

एक :- शोधपरिचय

दुई :– शोधको सैद्धान्तिक परिचय

तीन :- अध्ययन विधि

चार :- व्याख्या र विश्लेषण

पाँचः- तुलनात्मक विश्लेषण

छ :- निष्कर्ष र सुझाव

# परिच्छेदं- दुई

# सैद्धान्तिक परिचय

## २.१ निबन्धको सैद्धान्तिक परिचय

### २.१.१ पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु हो । यो मानवमात्रको सेवा हो र समाजद्वारा पिढी दरपीँढी हुँदै प्राप्त हुने वस्तु हो । भाषा विचार विनिमयको साधन तथा मानवीय र सामाजिक व्यवहार र सामाजिक व्यवहारको अभिन्न अङ्ग हो । मानवीय विकाससँगै भाषाको क्रमिक रुपमा विकास भएको पाइन्छ । भाषिक इतिहासलाई हेर्दा भाषा सुरुमा औच्चार्य र कथ्य रुपमा रहेको देखिन्छ ।

समयको क्रम र मानवीय विकाससँगै भाषाले स्तरीयता प्र्राप्त गऱ्यो । सुरुमा कथ्य रुपबाट विकास हुँदै आएको भाषाले जब साहित्यिक स्वरुप ग्रहण गऱ्यो, तब यसका भेद-उपभेद देखिन थाले ।

निबन्धले अहिलेको आफ्नो विधागत अस्तित्व प्राप्त गर्नुभन्दा पूर्व साहित्यको सिङ्गै धरातललाई दुई फाँटमा राखेर अध्ययन गर्ने प्रचलन रह्यो । ती दुई फाँट थिए :- श्रव्य र  दृश्य । प्रारम्भमा साहित्य यिनै दुईओटा विभाजनका रेखागत आधारमा विकसित हुँदै आएको देखिन्छ । काव्यका रुपगत संरचनालाई आधार बनाएर पनि अन्य विविध आधारमा वर्गीकरण र विभाजन गरिने जमर्को हुन लाग्यो । फलस्वरुप गद्य र पद्यस्वरूपका संरचनागत आधारमा साहित्यका विधाहरूको समीक्षा हुन   थाल्यो । साहित्यको इतिहासमा गद्य र पद्य दुवै काव्यका प्रारम्भिक अवधारणा तयार भए । मानवजीवनमा दैनिक र व्यावहारिक प्रयोगका लागि दिनानुदिन बढ्दै गएको भाषाको अभिव्यक्तिगत आवश्यकता र त्यसको सरलताको परिणामस्वरुप गद्यको गठन सबल हुँदै गयो ।

गद्य विधाअन्तर्गत पर्ने निबन्ध आधुनिक साहित्यको जल्दोबल्दो साहित्यिक विधा हो । निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिड्ने आत्मपरक र वस्तुपरक अभिव्यक्ति हो । साहित्यमा गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गएपनि सृजित वस्तुको प्रकाशन प्रसारण वितरण र संरक्षण एवम् सुपठन वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रुपमा सृजना हुन थाल्यो । यसकारण विश्वसाहित्यमा निबन्ध कनिष्ठतम विधाको रुपमा देखा पर्नगयो । फलस्वरुप नेपाली साहित्यमा पनि निबन्ध नवीन विधाको रुपमा देखापरेको स्रष्टाको विशेष मनोदशामा सृजना हुने संक्षिप्त आयतनको कृतिका रुपमा चिनिन पुग्यो । यो अपूर्ण र पूर्णताको सङ्गम बिन्दुमा टिकेको हुन्छ । यो सूक्ष्म आयतनमा विराटता प्रतिबिम्बन गर्ने रचना-विधा हो । निबन्धमा स्रष्टाका विशेषताहरूले पाठकलाई आत्मीय बनाएको हुन्छ । मानिस चेतनशील प्राणी हो । उसका पृष्ठभूमिमा जीवन भोगाइका तीता, मीठा पक्षहरू उसको आँखा सामुन्ने हुन्छन् । उसलाई चारैतिरबाट अथाह ज्ञानराशीले घेरेको हुन्छ । यस्तै अथाह ज्ञानराशीबाट एक पक्षको सानो बिन्दु टिपेर निबन्धलेखनको थालनी हुन्छ । यसरी सीमित घेराभित्र असीमित विचार चियाउने र लगभग एक बसाइँमैं पढिसकिने गद्यभय अभिव्यत्ति निबन्ध हो । निबन्ध भावनाको सहज स्थितिमा उत्पन्न हुन्छ र सहज समापनमा टुङ्गिन्छ । यसमा हार्दिक तर्क र भावनात्मक संवेगको उत्पादन पनि हुन्छ ।

निबन्धमा रागात्मक भावुकता हुन्छ, यसकारण निबन्ध वैयक्तिक रागको सहज अभिव्यक्ति हो । यसको आयतन छोटो भएता पनि भाषाको उन्मुक्त स्वरुप निबन्धमा अवतरित हुन्छ । निबन्धले अर्थमा व्यापकता प्रस्तुत गर्नुका साथै सूक्ष्मतम व्यङ्ग्य प्रहार र सङ्केतात्मक सन्देश दिन्छ । सिर्जनात्मक विधाहरूमा निबन्ध विश्वसाहित्यमा कान्छो र अत्यन्त छरितो रुपमा विकसित भएको विधा हो । संसारका सबै भाषामा आधुनिक रुप तयार भइसकेपछि मात्र निबन्ध विधा अविर्भाव भएको हो । साहित्यिक विधाको परिधिमा समाजका सम्पूर्ण विकृति र विसङ्गतिका साथै अन्य सौन्दर्ययुक्त तत्वहरू भाषामा समाविष्ट भएपछि भाषाको अभिव्यक्ति क्षमता प्रखर हुँदै जान्छ । यसको श्रेय

निबन्ध विधालाई दिनुपर्छ । निबन्धमा गहिरो अभिव्यञ्जना, कवितात्मक प्रभाव र गद्यको सुललित झल्को रहेको हुन्छ ।

समग्रमा निबन्ध अन्य विधाहरूका माझमा पनि छुट्टै अस्तित्व राख्ने विधा हो । यो व्यक्तिका सुख-दुःख, हारजित हर्ष-विस्मात आदि दैनिक अनुभवको अभिव्यक्ति दिने गद्य भेदअर्न्तगतको विशिष्ट एवम् नवीन विधा हो । निबन्ध हृदयको तरल स्पन्दन र मस्तिष्कको रमरम बौद्धिकताको सम्मिश्रण हो । निबन्ध दुई किसिमका हुन्छन् :- आत्मपरक र वस्तुपरक । तसर्थ निबन्ध भनेको जुनसुकै विषयमा स्वतन्त्र ढंगले सोच्नु , विचार गर्नु र आफ्नो भावनात्मक प्रवाहमा अनियन्त्रित रुपले पोखिनु हो । निबन्ध विधाले कथा, कविता, नाटक, हास्यव्यङ्ग्यसँगै साइनो गाँसेको पाइन्छ । यसरी निबन्ध नितान्त स्वतन्त्र र औपचारिक गद्य विधा हो । निबन्धलाई छोटकरीमा निम्नानुसार चिन्न सकिन्छ :-

- लघु आयामको गद्यविधा ,
- भावनात्मक कुराहरू व्यक्त गर्ने माध्यम,
- विराट आयतनको विषयवस्तु हुन सक्ने,
- आत्मपरक र वस्तुपरक रुपमा अभिव्यक्त हुन सक्ने,
- अन्य विधाहरूको गन्ध आउने,
- शैलीगत चमक पाइने,
- आदि , मध्य र अन्त्यको सङ्गठन,
- गद्य साहित्यको नवीन, कान्छो र स्तरीय विधा

अन्ततः आन्तरिक श्रृङ्खलामा सम्बद्ध ,विचार र भावको चिन्तन र सम्वेदनाको समष्टि अभिव्यक्ति, लघु आयामको गद्यविधा , शैलीगत प्रवाहमय विधा निबन्ध हो ।

## २.१.१ निबन्ध : व्युत्पत्ति र अर्थ

'निबन्ध' संस्कृत व्याकरणको शब्दनिर्माण प्रक्रियाअनुसार 'बन्ध' धातुमा 'नि' उपसर्ग र 'घञ' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो । यसको अर्थ हुन्छ, निशेष हिसाबले बाँध्ने काम गर्नु अर्थात् भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङ्गृहित गर्नु र निजात्मक अभिव्यक्ति दिनु (सुवेदी २०६३:१) । निबन्ध शब्दको अर्थ पूर्वीय एवम् पाश्चात्य विद्धानहरूले आ-आफ्नै किसिमले लगाउँदै आएका छन् । यति भएर पनि यस शब्दको उच्चारण गर्ने बित्तिकै पाठक र समालोचकका मनमा एउटा सर्वग्राही बिम्ब झ्वाट्ट आउँछ । यो ललित गद्य भाषाको छोटो संरचना हो । पूर्वीय साहित्य इतिहासलाई कोट्याउँदा निबन्धको शाब्दिक प्रयोग ठोस र उल्लेख्य रुपमा नभए तापनि धेरथोर रुपमा निम्नअनुसार हुँदै आएको भेटिन्छ । **याज्ञवल्वय स्मृति**मा 'निबन्धो द्रव्यमेव च' भनेर निबन्धलाई द्रव्यको अर्थमा लिइएको छ । **गीता**मा 'निबन्धायासरी माता' भोर सांसारिक मायामा बाँधिने अर्थमा निबन्ध शब्द आएको छ भने हेमचन्द्रले यसको प्रयोग शब्दग्रन्थ, मूत्ररोधरुपी तथा बन्धनका अर्थमा गरेका छन् । प्राचीन कालमा लेख लेखिएका भोजपत्रहरूलाई तह लगाएर बाँध्ने वा सिउने जुन क्रिया हुन्थ्यो त्यसैलाई बुझाउने अर्थमा 'निबन्ध' शब्दको प्रयोग हुन्थ्यो । (**हिन्दी साहित्यकोश**, ज्ञानमण्डल लिमिटेड , वनारस सं : २०१५) । वामन शिवराम आप्टेद्वारा सम्पादित **संस्कृत-हिन्दी शब्दकोश**मा निबन्धलाई बाँध्नु, जोड्न, आशक्ति रचना , कुनै साहित्यिक ग्रन्थ वा कुनै कृतिको टीका ,कुनै सङ्ग्रह , श्रृङखला, आदि अनेक अर्थ दिइएको छ ( उपाध्याय २०५८ :१६०) । यसरी पूर्वीय साहित्यजगत्मा निबन्ध विधा भन्ने नाम उल्लेख नभएपनि गद्य लेख रचनाहरू यदाकदा निबन्धको गन्ध एवम् छनक पाइन्छ । पाश्चात्य साहित्यमा फ्रान्सेली स्रष्टा तथा निबन्धकार मिचेल डि मोतेन (micchaal De Monatagin) ले विधा विशेषका अर्थमा निबन्ध शब्दको प्रयोग सर्वप्रथम १५८० मा गरेको पाइन्छ । यस सिर्जनालाई ग्रिसेली भाषाको एसाइज (Essais)

शब्दले सम्बोधन गरियो जसको अर्थ अंग्रेजीमा ESsay र नेपालीमा निबन्ध हुन्छ । एस्सेको परिभाषित अर्थ अङ्ग्रेजीमा प्रयत्न भन्ने हन्छ र नेपालीमा चाहिँ जमर्को भन्ने हुन्छ (सुवेदी २०६३, १) । अक्सफोर्ड एड्भान्सेड लर्नर्स डिक्सनरी अफ करेँन्ट इङ्गलिसमा यसलाई कुनै पनि विषयमा लेखिएको गद्यात्मक रचना पनि भनिएको छ । नेपाली साहित्यमा सामान्यतया निबन्ध यसैको पर्यायका रुपमा प्रयुक्त छ (उपाध्याय २०५८:१६१) ।

निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने सङ्क्षिप्त आयतनको कृति हो । यो अपूर्ण र पूर्णताको सङ्गम बिन्दुमा टिकेको हुन्छ, अर्थात् अपूर्णतामा पूर्णताको अन्वेषण गर्न प्रयत्न गरिने रचना हो । सुक्ष्म आयतनमा विराटता प्रतिबिम्बन गर्ने रचना  विधा हो । निबन्धमा स्रष्टाका वैशिष्ट्यले पाठकलाई आत्मीय बनाएको हुन्छ । निबन्ध शब्द संस्कृतबाट  तत्सम शब्दका रुपमा नेपालीमा आएको हो ।  कुनै वस्तु वा विषयको स्वरुप, प्रकृति र गुण दोषमा देखिएको निजी चिन्तनधारा निबन्धले बोकेको हुन्छ । निबन्ध बढी सरल , स्वच्छन्द, आडम्बरहीन, व्यक्तित्वमिश्रित र पाठकसँग नजिकको साइनो राख्ने खालको हुन्छ । छरिएर रहेको चिन्तनभित्र पनि अन्त: सम्बन्ध र उन्मुक्त अभिव्यक्तिभित्र पनि नियमित रखाइ निबन्धको विशेषता हो. (निरौला अ.प्र.शोध २०६२:१५) । वर्तमान सन्दर्भमा निबन्धको शाब्दिक अर्थसँग अझ स्पष्ट हुन निम्नलिखित नेपाली शब्दकोशका शाब्दिक अर्थहरुलाई कोट्याउनु सान्दर्भिक देखिन्छ :-
हेमाङ्राज अधिकारी र बद्री विशाल भट्टराईद्वारा सम्पादित **प्रयोगात्मक शब्दकोश** (विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. काठमाडौं, २०६१:५५१) मा निबन्ध शब्दको अर्थ निम्नानुसार दिइएको छ :

कुनै वस्तु , विचार तथा भावको श्रृङ्खलावद्ध अभिव्यक्ति भएको गद्यरचनाको एक विधा प्रबन्ध । निबन्ध आत्मपरक र वस्तुपरक दुवै शैलीमा  लेखिन्छ ।

**नेपाली वृहत शब्दकोश** (सम्पा) (ने.रा. प्र. प्र. काठमाडौं , २०५८ : ६८९ ) का अनुसार “कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना , साहित्यको एक गद्य विधा निबन्ध हो ।” तसर्थ निबन्ध साहित्यको एक गद्य विधा हो । यसमा विचार तथा भावको श्रृङ्खलावद्ध अभिव्यक्ति हुन्छ । निबन्धको अर्थ बन्धनको नजिक छ । निबन्ध दुई प्रकारका हुन्छन् :- आत्मपरक र वस्तुपरक । निबन्धमा लघु कलेवरभित्र विराट चिन्तनको स्थापना हुन्छ । गद्य र पद्य गरी साहित्यका दुई पाटामध्ये गद्य भए पनि निबन्ध आख्यानहीन, आत्माको रागात्मक अनुभूतिको प्रस्तुति, ललित शैली, छोटो बसाइँमा पढिसकिने गद्य भााषामा लेखिएको रचना हो ।

### २.१.३ निबन्धको परिभाषा

सोह्रौं शताब्दीमा आरम्भ भएको निबन्धयात्रा युरोपमा फ्रान्सबाट विस्तारित भएको हो । यसका प्रथम प्रणेता फ्रान्सेली स्रष्टा **मोन्तेन** र बेलायती निबन्धकार **वेकन** हुन् । मोन्तेनले आफ्नो जीवनको अन्तिम दुई दशकको अवधिलाई निबन्ध चिन्तनमा खर्च गरेका छन् । मोन्तेनले ‘निजी अनुभूतिलाई निष्कपटपूर्ण ढङ्गले पाठकसमक्ष सम्प्रेषण गर्न गरिने प्रयत्नलाई निबन्ध हो’ भनेका छन् । वेकनले ई. १५९६ मा निबन्धकलालाई अङ्ग्रेजीमा भित्र्याएका हुन् । उनको भनाइ छ : ‘निबन्ध विकीर्ण चिन्तन हो ।’ ( The essay is a dispersed meditation )

अङ्ग्रेजी साहित्यका निबन्ध स्रष्टा **डा. जोहन्सन**ले शब्दकोशको सम्पादन गर्ने क्रममा निबन्धलाई यसरी अर्थ्याएका छन् :- ‘निबन्ध भनेको मनमा आएका भावधाराहरूलाई श्रृङ्खला विहीन अवस्थामा हठात् गरिएको अभिव्यक्तिको टुक्रा हो ।’ (A loos sally of mind an Irregular, Indigested piece, not a regular orderly performance .)

**जोहन मरे** (१८३७-१९९५) ले डाक्टर जोहन्सनको शब्दकोषलाई पुनः सम्पादन गरी, ‘कुनै एक निश्चित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखेको रचना निबन्ध हो ।’ (A composition of a moderate lenth of any particular subject or branch of subject originally implying want of finish, ‘an irregular indigested’(Dr.Johnson) but now said of compotation more or less elaborated in style, thought Limited in range.) भनेका छन् ।

फ्रान्सेली साहित्यका समीक्षाशास्त्री तथा निबन्ध स्रष्टा **सेन्टव्यूभ** (१८०४-१८६९) ले निबन्धलाई यसरी परिभाषित गर्ने प्रयत्न गरे :- ‘निबन्ध निकै श्रमसाध्य विधा हो । निबन्ध विशिष्ट ज्ञानको भण्डार हो ।’

**हड्सन** (Hudson) ले आफ्नो पुस्तक ‘An Introduction to the study of literature’ मा भनेका छन्, ‘मोटामोटी रुपमा कुनैपनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारिलोपनाको अभाव (The essay then may be regarded roughly as a composition on any topic. The chief features of which are comparative brevity and comparative want or exhustiueness.) ।’

बङ्गला साहित्यका विद्वान् **बाबु गुलाब राय**को विचारमा, ‘निबन्ध त्यस प्रकारको रचना हो, जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन हुन्छ । एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवताका साथै सङ्गति र सुसम्बद्धतापूर्वक प्रस्तुतीकरण भएको हुन्छ ।’

हिन्दी साहित्यका आचार्य **रामचन्द्र शुक्ल**को विचारमा `यदि गद्य कविहरूको कसी हो भने निबन्ध हो गद्यको कसी ।'

**महाकवि लक्ष्मीप्रसाद देवकोटा**को विचारमा : `यो रौं चिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफु यसमा गृहीत विषयलाई सबै दृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो । जो सडकमा हिड्दा कहिले ढुङ्गा हान्छ , कतै-कतै आनन्दले फुलेर हेर्छ , तर घोरिदैंन । निबन्ध टेबिल गफ मात्र हो, शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ... यहाँ एउटा रसिलो, हँसिलो गफाडी, चुट्किलो कुराकानी छ जसको नाम निबन्ध हो ।'

**डा.ईश्वर बराल**ले निबन्धको परिचय गराउने क्रममा भनेका छन्, `निबन्ध एक किसिमको कुरा गराइ हो । यो हो लेखकका मनमा उठेका भावनाहरूलाई स्वगत कथनका रुपमा उद्गारित गराउने विधा विशेष । आफ्नो गुनासो अरुलाई सुनाउन, मनको बह पोख्ने काम गर्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु , आन्तरिक सन्देशलाई फिँजाउन मानिसका आध्य सिर्जना  हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ । साउती गरेर तिनलाई आफूप्रति सहानुभूति बनाउन खोज्छ ।'

**रामलाल अधिकारी** (१९९८) को विचारमा, `निबन्ध त्यो काव्यविधा हो जसमा लेखक (निबन्धकार) को व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेष्टा नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्छ ।'

उपर्युक्त परिभाषाहरूको आधारमा निबन्धलाई एउटा परिभाषाभित्र बाँध्न सकिदैन तर पनि विभिन्न विद्वान्हरूका फरक-फरक अभिमतलाई हेर्दा धेरथोर रुपमा केही आवश्यक तŒवहरूको समानता पाइन्छ । समग्रमा भन्नुपर्दा भावनाको प्रधानता, राग र उल्लासको बाहुल्य, वैयक्तिक अभिव्यक्तिको प्रस्तुति गीत्यात्मक एवम् कवितात्मक शिल्पको प्रयोग निबन्धको स्वभाव हो । अतः निबन्ध औपचारिक, स्वतन्त्र र उन्मुक्त

गद्यविधा हो । यो विविध विषयमा लेखिन्छ । रागात्मक पक्षको व्यवस्थित र संवेदित अनुभूतिका माध्यमबाट प्रस्तुत भएको निबन्ध विधा साहित्यको नवीनतम विधा हो । कुनै एउटा विषयको जुनसुकै विन्दुबाट आरम्भ भएर जुनुसुकै विन्दुमा पुगी निबन्ध समाप्त हुनसक्छ । भावनाको स्फुरण जहाँबाट हुन्छ , निबन्ध त्यहीँबाट आरम्भ हुन्छ र जहाँ पुग्दा त्यस विषयसँग सन्दर्भित भावनाको अपसमन  हुन्छ, त्यहीँ पुग्दा निबन्धको समाप्ति हुन्छ । जुनसुकै विषयमा स्वतन्त्र ढङ्गले सोच्नु , विचार गर्नु र आफ्नो भावनात्मक प्रवाहमा अनियन्त्रित रुपले पोखिनु निबन्ध हो । सङ्क्षेपमा निबन्धमा वैयक्तिक विचार वा अनुभूति विशेषको गद्यात्मक प्रस्तुति हुन्छ ।

## २.२ भाषिक सीप र निबन्ध विधा

### २.२.१ भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र लेखाइ सीप

#### २.२.१.१ भाषापाठ्यक्रम

भाषा मानवीय सम्प्रेषणको आधार तथा माध्यम हो र विचार विनिमयको वाहक हो । मानवीय जीवनमा आवश्यक पर्ने समग्र काम कार्यसम्बन्धी ज्ञानमूलक धारणा तथा अभिव्यक्तिमूलक सीप सम्पादन भाषाबाटै हुन्छ । भाषा मानवीय वस्तु  हो । मानव समुदायमा सम्पूर्ण कियाकलापहरू भाषाकै माध्यमबाट चलिरहेका  हुन्छन् । विद्यार्थीहरू पनि मानवीय समाजका अभिन्न अङ्ग हुन् । विद्यार्थीहरूलाई भाषिक सीप प्रदान गर्ने भाषापाठ्यक्रमको अपरिहार्यता हुन्छ । भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको गोरेटो नै भाषापाठ्यक्रम हो । भाषाशिक्षणको लक्ष्य हासिल गर्न भाषापाठ्यक्रमले ठूलो भूमिका खेलेको हुन्छ । भाषाका आधारभूत सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ तथा कलासँग सम्बन्धित भाषिक सीप बोध र अभिव्यक्ति भाषापाठ्यक्रम अन्तर्गत  पर्दछन् । वास्तवमा भाषापाठ्यक्रम भन्नाले भाषिक उद्देश्य, भाषिक विषयवस्तु , भाषिक प्रकिया, भाषिक स्रोत र भाषिक मूल्याङ्कनका साधन आदि भन्ने बुझिन्छ , जसलाई

विद्यालयभित्र तथा बाहिर कक्षाशिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनावद्ध प्रयास गरिएको हुन्छ (शर्मा र पौडेल २०६०: २६९) ।

### २.२.१.२ भाषापाठ्यपुस्तक

पाठ्यपुस्तक शैक्षिक व्यवस्थाको मेरुदण्ड हो । पाठ्यपुस्तकको अभावमा सम्पूर्ण शिक्षा प्रणाली असफल मात्र होइन कि अपूरो हुनपुग्छ । कुनैपनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरुप तयार गरिएका हुन्छन् । पाठ्यपुस्तक शिक्षक-विद्यार्थी दुवैका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । नेपालजस्तो देशमा विद्यालयमा हुने सम्पूर्ण कार्यकलाप पाठ्यपुस्तक मै केन्द्रित हुन्छन् । पाठ्यपुस्तकमा पाठ्यक्रमका अपेक्षाअनुरुपका पाठ्यांशहरुलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकताहरू ख्याल गरेर सङ्गठित गरिएका हुन्छन् ।

अन्य पाठ्यपुस्तक झैं भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रमअनुरुप तयार पारिएको हुन्छ । भाषापाठ्यपुस्तक भषापाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न महŒवपूर्ण एवम् प्रभावकारी सहयोग पुऱ्याउने भरपर्दो सामग्री मानिन्छ । भाषापाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक, बौद्धिक पक्षका साथै उनीहरूको रुचि, आवश्यकता तथा सिकाइ प्रवृत्तिसमेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार गरिएको हुन्छ । भाषापाठ्यपुस्तक मूलतः भाषाका चार सीपहरूमा केन्द्रित हुन्छ । अन्य विषयका पाठ्यपुस्तकमा भाषालाई विषय प्रस्तुतिको साधनका रुपमा लिइएको हुन्छ र विषयवस्तुलाई साध्यवस्तुका रुपमा लिइएको हुन्छ तर भाषापाठ्यपुस्तकमा भाषा नै साधन र साध्यवस्तु रहेको हुन्छ । भाषापाठ्यपुस्तकमा विषयवस्तुलाई भाषा सिक्ने माध्यमका रुपमा मात्र ग्रहण गरिएको हुन्छ । भाषापाठ्यपुस्तकलाई भाषाशिक्षण सिकाइको एक भरपर्दो र व्यवस्थित पाठ्यसामग्रीका रुपमा लिन सकिन्छ ।

### २.२.१.३ लेखाइ सीप

भाषाका दुई रुप हुन्छन् : मौखिक र लिखित । मनका अन्तर्भावनाहरूलाई ध्वन्यात्मक सङ्केतका माध्यमद्वारा लिपिको उपयोग गरेर अभिव्यक्त गर्नु नै लेखाइ सीप हो । बोलेर विचार विनिमय गर्न नसकिने स्थितिमा लेखाइ सीपको सहायता लिइन्छ ( शर्मा र पौडेल, २०६०:१२२) । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइसँग भाषापाठ्यपुस्तक केन्द्रित रहन्छ । भाषाद्वारा व्यक्तिले विचारको आदान-प्रदान गर्छ । यस्तो आदान–प्रदानमा यिनै चार सीपहरू संलग्न हुन्छन् । यी सीपहरू मध्ये लेखाइसीप अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिको सीप हो ।

व्यक्तिले आर्जेका सामाजिक, सांस्कृतिक आदि पक्षका ज्ञान तथा अनुभवहरूको विवरण अरुसमक्ष प्रस्तुत गरी उनीहरुलाई फाइदा पुऱ्याउन र अरुले त्यसरी प्रस्तुत गरेका विवरणबाट आफूले पनि फाइदा लिन लेखाइ सीप उपयोगी हुन्छ । व्यक्तिका आफ्ना मनमा रहेका भावनाहरूलाई लिपि चिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाइ अभिव्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लेखाइ सीप विकास गराउन चित्रवर्णन, अनुलेखन, श्रुतिलेखन, चिठीलेखन, व्याख्या, कथालेखन, अनुच्छेदलेखन, निबन्धलेखन जस्ता लेखनकलासँग सम्बन्धित कार्यकलापहरू  गराइन्छ ।

मनोवैज्ञानिक दृष्टिले पनि लेखाइ सीप वैयक्तिक तुष्टिको माध्यम मानिन्छ । लेखाइसीपको हाम्रो दैनिक व्यवहारमा ठूलो महŒव छ । व्यावसायिक दृष्टिले पनि लेखाइसीपको निकै महŒव छ । सम्पूर्ण कक्षाकार्यकलाप लेखाइसीपकै सेरोफेरोमा सञ्चालित हुन्छन् । त्यसैले भाषाका चारवटा सीपहरूमध्ये लेखाइसीप महŒवपूर्ण मानिन्छ ।

### २.२.२ लेखाइ शिक्षणको आवश्यकता र महŒव

मनका अन्तर्भावनाहरूलाई ध्वन्यात्मक सङ्केतका सहायताले लिपिबद्ध गर्नु लेखाइ हो । लेखनकला लेखाइसीपसँग सम्बन्धित विभिन्न कार्यकलापहरूमा आधारित भएर शिक्षण गर्नु लेखाइ शिक्षण हो । सिकारुहरूका लागि शैक्षिक, प्राज्ञिक तथा अन्य व्यावहारिक दृष्टिले उपयुक्त हुने खालका लेखाइ सीपहरूको विकास गर्न, उपयुक्त लेख्य चिह्न र लिपिहरूको उपयोग गरी स्तरीय लेखनसीप प्राप्त गराउनलाई लेखाइ शिक्षण भनिन्छ । लेखाइ अभिव्यक्तिको महŒवपूर्ण सीप हो । आफूले अनुभव गरेका, ज्ञान गरेका एवम् कल्पना गरेका कुराहरुलाई प्रभावकारी एवम् कलात्मक अभिव्यक्ति लेख्ने सीप वृद्धि गराउन तथा लेख्ने सीपको उपयोगबाट जीवनका व्यावहारिक समस्या समाधान गर्न र आत्मनिर्भर बनेर बाँच्न सक्ने सामर्थ्य दिलाउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ ।

विद्यार्थीहरूमा भाषिक तथा संज्ञानात्मक क्षमताको विकास गराउन लेखाइमा प्रभावकारिता ल्याउन पनि लेखाइ शिक्षणको महŒवपूर्ण भूमिका रहन्छ । पठित कुराको सारांश उतार्ने, लेखेर वर्णन एवम् छलफल गर्ने, प्रतिवेदन लेख्न , मूल्याङ्कन गर्न र समीक्षा गर्नपनि लेखाइ शिक्षण उपयोगी हुन्छ । विभिन्न विषय, अभिव्यक्ति र प्रसङ्गअनुसार भाषिक शैलीको चयन गर्ने क्षमता विकास गराउनका साथै हिज्जे, चिह्न र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गर्न लेखाइ शिक्षणको आवश्यकता हुन्छ । भाषिक शुद्धता, सफा चिटिक्क अक्षर लेख्ने क्षमता बढाउन लेखाइ शिक्षण महŒवपूर्ण हुन्छ ।

शिक्षण सिकाइमा लेखाइसीप महŒवपूर्ण अङ्ग मानिन्छ । लेखनसीपसँग सम्बन्धित व्यवसाय अपनाई जीविकोपार्जन गर्न लेखनकलाबाटै सम्भव हुन्छ । लेखनकला कमजोर भएमा विद्यार्थीहरूले अपेक्षित उपलब्धि हासिल गर्न सक्दैनन् । विद्यार्थीहरूका सिर्जनात्मक शक्तिको विकास गराउन भाषाका चारवटै सीपहरूको अहम् भूमिका हुन्छ , अझ लेखाइ सीप त झन् महŒवपूर्ण सीप हो । यदि लेखनकला कमजोर

भएमा विद्यार्थीहरूले भाषाका अन्य सीपहरु सिक्न सक्दैनन् । त्यसैले विद्यार्थीहरूलाई लेखन क्षमता बढाउँदै लैजानु अत्यावश्यक भइसकेको छ । लेखनकलाको क्षमता अभिवृद्धि गर्न लेखाइ शिक्षणले महŒवपूर्ण भूमिका खेलेको हुन्छ । यसरी शिक्षण प्रकियामा लेखाइ शिक्षणले विद्यार्थीहरूलाई उचित मार्गदर्शन दिन्छ ।

### २.२.३ लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान

लेखाइ सीप भाषाका चारवटा सीपहरूमध्ये विशिष्ट एवम् प्रदानात्मक सीप हो । आफ्ना अनुभव एवम् विचारहरूलाई लिपिबद्ध गर्नु लेखाइ हो । मनका अन्तर्भावनाहरूलाई ध्वन्यात्मक सङ्केतमा अभिव्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ भने ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । कुनैपनि भाव विचार व्यक्त गर्ने सशक्त माध्यम लेखाइसीप हो । सामाजिक दृष्टिले पनि लेखनकलाको ठूलो महŒव छ । आपसमा पत्राचार गर्न तथा विभिन्न ग्रन्थहरूबाट विचारहरू लिएर बौद्धिकताको विकास गर्न लेखाइ सीपको उपयोग गरिन्छ । शब्दभण्डारको छनोट गर्न र स्तरीय वाक्यरचना गर्ने क्षमताको विकास गर्न लेखनकलाको सहायता लिइन्छ । सिकारुहरूको लेखनकलालाई अभिवृद्धि तथा विकसित गर्न विभिन्न विधाहरूको लेखनअभ्यास आवश्यक हुन्छ । तसर्थ विद्यार्थीहरूको लेखनकला विकास गर्न तल्लो तहदेखि नै चित्रवर्णन, यात्रावर्णन, अनुलेखन, सारांश लेखन, प्रतिवेदन लेखन विभिन्न लेखनकलासँग सम्बन्धित कार्यकलापहरू गराएर स्तर बढाउने प्रयास गरिन्छ ।

लेखनकलाका विभिन्न कार्यकलापहरूमध्ये निबन्धलेखन लेखनकलाको विशिष्ट कार्यकलाप हो । यसका लागि विद्यार्थीहरूमा लेखाइसम्बन्धी प्रशस्त प्रौढताको आवश्यकता पर्दछ । निबन्धको मुख्य उद्देश्य निबन्ध लेखन सीप हासिल गर्नु हो । लेखाइ सीपको विकासमा निबन्ध लेखनको स्थान उच्च छ । निबन्धलेखन प्राथमिक तहदेखि नै छोटो रुपमा लेख्न लगाइ लेखाइसीपको विकास गर्ने प्रयत्न गरिन्छ ।

माध्यमिक तहदेखि विश्वविद्यालय तहसम्मका पाठ्यपुस्तकमा निबन्धहरू समावेश गरिएका हुन्छन् । निबन्धलेखनमा भाषिक शुद्धता, विषयवस्तुको संयोजन र प्रस्तुतीकरण जस्ता नियमहरू समावेश भएका हुन्छन् । जसले लेखाइ सीप विकासमा ठूलो टेवा पुऱ्याएको हुन्छ ।

यसरी विद्यार्थीहरूमा लेखनकलामा सिद्धहस्त पार्न, लेखाइमा निपूर्ण पार्न र लेखाइसम्बन्धी धारणात्मक सीप विकास गराउन निबन्ध लेखन सीपको उच्च स्थान छ ।

### २.२.४ विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन

विद्यार्थीहरूमा लेखाइ सीपको विकास गराउने विशिष्ट कार्यकलाप निबन्धलेखन शिक्षण हो । निबन्धले मुख्यतया निबन्धलेखन सीप हासिल गराउँछ । विद्यार्थीहरूले आफूले देखेका, अनुभव गरेका र पढेका कुराहरू श्रृङ्खलाबद्ध रुपमा प्रस्तुत गराउने कला सिकाउन नै निबन्धलेखनको मुख्य उद्देश्य हो । यो चाहे स्वतन्त्र होस् वा निर्देशित यसले विद्यार्थीहरूमा लेखाइसीपको विकास गराउँछ । अन्य विधाहरूभन्दा निबन्ध प्रौढ, खंदिलो तथा बौद्धिक अभिव्यक्ति हो । निबन्ध विधालाई भाषा तथा साहित्य शिक्षणका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । साहित्यिक विधाका रुपमा यसको शिक्षणका मुख्य प्रयोजनहरू यसप्रकार छन् :

क) निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखनकलाको समुचित विकास गर्नु ,

ख) शब्दभण्डारको अभिवृद्धि गर्न, स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन, क्रमिकताको निर्वाह गर्न, भाषागत सामर्थ्य बढाउन,

ग) चमत्कारयुक्त अभिव्यक्ति दिने प्रेरणा प्रदान गर्नु ,

घ) बोध र अभिव्यक्तिको विकास गर्नु ,

ङ) निर्दिष्ट सामग्रीहरूलाई आवश्यकतानुसार सङ्क्षेपमा वा विस्तारमा प्रकट गर्न सक्ने सीपको विकास गर्नु ,

च) साहित्यप्रति अनुराग बढाउन र त्यसको सिर्जना गर्ने सीप विकास गराउनु ,

छ) साहित्यिक सर्जकहरूलाई रचनाको समीक्षात्मक तथा विश्लेषणात्मक रुपमा पहिचान गर्ने क्षमता विकास गराउनु ,

यसरी उपर्युक्त प्रयोजनको लागि निबन्ध शिक्षण गरिन्छ । सङ्क्षेपमा विद्यार्थीहरूलाई लेखाइसीप सिकाउन निबन्ध शिक्षणको महŒव छ भन्नुमा अत्युक्ति नहोला ।

## २.२.५ विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा निबन्ध विधाको स्थान र शिक्षण प्रक्रिया

लेखाइसीप विकास गर्ने विशिष्ट कार्यकलाप निबन्धलेखन हो । निबन्धलाई ‘प्रबन्ध’का नामले पनि चिनिन्छ । ‘निबन्ध’ शब्दले भाव वा विचारलाई दरिलो र कसिलो शैलीमा बाँधेर राख्ने रचनालाई बोध गराउँछ । मानवजीवनको विचारात्मक र भावात्मक अभिव्यक्ति निबन्ध  हो । निबन्धले भाव र विचारलाई सुनियोजित र सुव्यवस्थित रुपमा बाँधेर प्रस्तुत गर्ने समसामयिक साहित्यिक रचनालाई जनाउँछ । निबन्धलेखन लेखाइ शिक्षणको प्रमुख कार्यकलाप भएकोले विद्यालयको प्रारम्भिक तहदेखि नै यसलाई समावेश गरिएको छ । विशेषतः निबन्धलेखन स्तरीय बनाउन मानकरुपसँग निबन्ध विधाअन्तर्गत के-कस्ता क्षेत्रहरूलाई समेटिएको छ तथा शिक्षण प्रक्रियालाई कसरी परिभाषित गरिएको छ भन्नेतर्फ अध्येताबााट प्रस्तुत अध्ययनमा खोजी गर्ने प्रयत्न गरिएको छ । वर्तमान विद्यालय तहका पाठ्यक्रमहरुमा निबन्ध विधाको विधागत स्थान र शिक्षण प्रक्रियालाई क्रमबद्ध रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.२.५.१ प्राथमिक शिक्षा पाठ्यक्रम २०४९

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले प्राथमिक तह भन्नाले कक्षा एकदेखि पाँचसम्म परिभाषित गरेको छ । यस पाठ्यक्रमले नेपाली भाषा विषयअन्तर्गत निम्न क्षेत्रहरूलाई समेटेको पाइन्छ : भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) भाषिक सीपका क्षेत्रहरू (उच्चारण, बोधः श्रुति र पठन, कार्यमूलक व्याकरण, शब्दकोश)

शब्दभण्डार, वाक्यका शब्दसङ्ख्या । प्राथमिक शिक्षा पाठ्यकम २०४९ मा कक्षा पाँचको अन्तमा विद्यार्थीहरूले नेपाली भाषा विषयमा हासिल गर्ने सिकाइ उपलब्धि क्षमतालाई अङ्कित गरिएको छ । यसरी भाषिक सीपहरू सुनाइ , बोलाइ, पढाइ, लेखाइअन्तर्गत निम्न पक्षहरूलाई समावेश गरिएको छ :

- चिह्नहरू (पूर्णविराम, अर्धविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक, उद्धरण र योजक) र हिज्जे मिलाई ठीक दूरीमा सफासँग लेख्न ।
- स्वतन्त्र रुपमा छोटा - अनुच्छेद, चिठी, निवेदन र प्रबन्ध ) रचनाहरू गर्न ।
- बैंक र चेक लेख्न र फारामहरू भर्न ।

यसरी प्राथमिक शिक्षा पाठ्यकम २०४९ मा छोटा प्रबन्धात्मक रचना लेख्न चित्रहरूको वर्णन गर्न लगाएर विद्यार्थीहरूमा लेखन क्षमताको विकास गराउने पक्षमा पाठ्यकम अभिप्रेरित देखिन्छ । छोटा, परिचित शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न सक्ने बनाउन उक्त पाठ्यकमको उद्देश्य रहेबाट यस पाठ्यकमले लेखाइसीप विकासका लागि निबन्धलेखनलाई प्राथमिकता दिइएको देखिन्छ ।

### २.२.५.२ निम्न माध्यमिक पाठ्यकम २०५८

निम्नमाध्यमिक तह भन्नाले कक्षा ६ देखि ८ कक्षासम्म भनेर परिभाषित गरिएको छ । यस तहको पाठ्यकमले नेपाली विषयमा विधागत क्षेत्र निर्धारणका क्रममा प्रबन्ध, निबन्ध, कथा, जीवनी, चिठी, रुपक, कविता, व्याकरण, शब्दभण्डारजस्ता विधाहरूलाई समेटेको पाइन्छ । यो तह पूरा भएपछि विद्यार्थीहरूले प्राप्त गर्ने सिकाइ उपलब्धिका सन्दर्भमा स्तरअनुसारका विषयहरूमा सन्दर्भ सिलसिला मिलाई मौलिक रचना गर्न तथा स-साना मौलिक रचनाहरू लेख्न सक्षम हुनु लगायतका उद्देश्यहरू राखिनुले लेखाइ सीपसम्बन्धी क्षमता बढाउन पाठ्यकमले महŒव दिएको छ भन्न सकिन्छ । कक्षा आठअन्तर्गत लेखाइका उद्देश्यहरूमा स्तरअनुसारका विषयहरूमा

सिलसिला मिलाई प्रबन्ध लेख्न सक्ने उद्देश्य समावेश गरिनुले प्रबन्ध/निबन्ध लेखनलाई उच्च प्राथमिकता दिइएको पाइन्छ ।

विधागत वितरणलाई हेर्दा अन्य विधाहरूको तुलनामा प्रबन्ध/निबन्ध विधाका क्षेत्रहरूलाई बढी समावेश गरिएको देखिन्छ, जसअन्तर्गत सामाजिक/सांस्कृतिक, प्राकृतिक/वातावरणीय, कलात्मक, वैज्ञानिक/प्राविधिक, व्यावसायिक क्षेत्रका निबन्धहरूलाई समावेश गरिएको छ । कक्षा छ, सात र आठमा निबन्ध विधाको क्षेत्रगत वितरणमा समान स्थिति देखिन्छ । पाठ्यकम निर्माण गर्दा निबन्ध विधाको शिक्षणका अतिरिक्त सिर्जनात्मक क्रियाकलाप शीर्षकमा विभिन्न विषयमा निबन्ध लेख्न निर्देशन गरिएका अभ्यासहरू समावेश गरिएबाट विद्यार्थीहरूमा निबन्धलेखन क्षमताको विकास गर्दै लैजाने अभीष्ट रहेको देखिन्छ ।

यस पाठ्यक्रममा निबन्ध शिक्षण प्रकिया पनि उल्लेख गरेको पाइन्छ । यस विधाको मुख्य प्रयोजन विद्यार्थीहरूमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक अभिव्यक्ति क्षमताको विकास गर्नु हो । निबन्धको शिक्षणक्रमको उद्देश्य स्वतन्त्र र निर्देशित रुपमा निबन्धलेखनको अभ्यास गराउनु हो । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौनपठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्दछ ।

उपर्युक्त तथ्यहरूलाई नियाल्दा निबन्ध विधालाई निम्न माध्यमिक पाठ्यकम २०४९ ले विशेष महŒव दिएको देखिन्छ । खास शीर्षकमा निर्देशित र स्वतन्त्र रुपमा निबन्धलेखनको अभ्यास गराउनुबाट तथा विधा वितरणअन्तर्गत प्रबन्ध/निबन्धलाई प्राथमिकताा दिइनुबाट निबन्धलेखनको विकास गराउने ध्येय राखेको पाइन्छ ।

### २.२.५.३ माध्यमिक शिक्षा पाठ्यकम २०५५

कक्षा नौ र दशलाई माध्यमिक तह भनी माध्यमिक शिक्षा पाठ्यकम २०५५ ले परिभाषित गरेको पाइन्छ । माध्यमिक तहको शिक्षाका उद्देश्यहरू सो पाठ्यकमले स्पष्ट

किटान गररेको छ । ती उद्देश्यहरू : राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरणसँग परिचित, प्रजातान्त्रिक मूल्य र मान्यतासँग परिचित, भाषिक व्यवहारमा सक्षम, वैज्ञानिक सुझबुझ भएका, सृजनशील सहयोगी, उद्यमशील, स्वावलम्बी एवम् आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वस्थ र सक्षम नागरिक तयार गर्ने हुँदा सो पाठ्यक्रमले तहगत उद्देश्यअनुसार विषयगत उद्देश्यहरू समावेश गरेको छ । नेपाली भाषालाई संस्थागत रुप दिन, राष्ट्रभाषा, साझाभाषा एवम् माध्यमभाषाका साथै सम्पर्कभाषाका रुपमा परिचित गराउन विद्यालय तहको पठनपाठन कार्यमा नेपाली भाषालाई महत्त्व दिइएको छ । यसलाई माध्यमिक तहमा अनिवार्य विषयको रुपमा समावेश गरिनुले यसका लागि पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्नु जरुरी देखिन्छ । विद्यार्थीहरूमा भाषिक दक्षता वृद्धि गर्नु तथा अन्य विषयको पठनपाठन कार्यमा माध्यम भाषा भई बोध र अभिव्यक्तिको विकास गर्नु नेपालीभाषा शिक्षणको उद्देश्य हो ।

नेपाली भाषाका चारवटा भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) का बारेमा माध्यमिक पाठ्यक्रम २०५५ मा अलग-अलग उद्देश्यहरू निर्धारण गरिएको छ । जसअन्तर्गत लेखाइ सीपभित्र १० वटा उद्देश्यहरूलाई छुट्टयाइएको छ । लेखाइ सीपअन्तर्गत सातौं उद्देश्यमा ‘स्तर-अनुसारका विषयहरूमा सिलसिला मिलाएर अनुच्छेद छुट्टयाई निबन्ध लेख्न’ भन्ने उद्देश्य राखिएको छ । सो उद्देश्यले निबन्धलेखनलाई इङ्गित गरेको देखिन्छ । विधागत वितरणका रुपमा यस पाठ्यक्रमले निबन्ध/प्रबन्ध, कथा, जीवनी, चिठी, रुपक, दैनिकी, कविता, भाषातत्व, शब्दभण्डार जस्ता विधाहरू राखिएको पाइन्छ । ती विधाहरूमध्ये निबन्ध विधालाई विशेष रुपमा १० अङ्कभार तोकी अग्रस्थान दिइएको देखिन्छ । निबन्ध विधाअन्तर्गत क्षेत्रगत रुपमा विविध किसिमका निबन्धहरूमा विषय समावेश गरिएका छन् । सामाजिक, प्राकृतिक तथा वातावरणीय, कलाकौशल तथा सौन्दर्य, सांस्कृतिक तथा ऐतिहासिक, वैज्ञानिक तथा प्राविधिक र व्यावसायिक । त्यसैगरी सोही पाठ्यक्रमअनुरुप निर्माण गरिएका पाठ्यपुस्तकहरूमा अलग्गै रुपमा सिर्जनात्मक अभ्यास उल्लेख गरी विविध विषयमा

निबन्धका शीर्षक दिई निबन्धलेखनमा अभिप्रेरित गराउन खोजिएको देखिन्छ । एस.एल.सी. परीक्षामा पनि १० पूर्णाङ्कको 'निबन्ध' लेखनसम्बन्धी प्रश्न सोध्ने गरेको पाइन्छ । यी कुराहरूबाट माध्यमिक पाठ्क्रम २०५५ ले निबन्धलेखनलाई उच्च स्थान दिएको पाइन्छ ।

निबन्ध विधाको शिक्षणप्रक्रिंयाका बारेमा पनि माध्यमिक पाठ्यकम २०५५ ले तोकेको पाइन्छ, जसअन्तर्गत अनुकरणात्मक लेखन, निर्देशित लेखन, तथा स्वतन्त्र लेखनका विभिन्न कार्यकलापहरू  गराइन्छन् । निबन्ध विधालाई आस्वादन लिने, भाव र विचार पक्डिने, शैलीगत विशिष्टता अनुभव गर्ने, बोध र खासगरी आत्मपरक अभिव्यक्तिको परिष्कार गर्ने साहित्यिक विधाका रुपमा लिइएको छ । विद्यालय तहमा विशेषतः निबन्ध/प्रबन्ध वर्णनात्मक किसिमका शिक्षण एवम् व्याख्यापरक विधि अवलम्बन गरिन्छ । निबन्ध विधाका कार्यकलापहरूमा सस्वर तथा मौनपठन, प्रश्नोत्तर, महŒवपूर्ण गद्यांशको प्रसङ्सहित व्याख्या गर्ने आदि पर्दछन् ।

यसरी निबन्ध शिक्षणअन्तर्गत साहित्यिक विधाका रुपमा यसको आस्वादन लिने भाव र विचार बुझ्ने शैली, हेर्ने पर्दछन् । निबन्धलेखन शिक्षणअन्तर्गत अनुकरणात्मक कार्यकलापहरू गराइन्छन् । यसअन्तर्गत अनुलेखन, श्रुतिलेखन, अनुच्छेदलेखन आदि पर्दछन् । यसरी हेर्दा माध्यमिक पाठ्यकम २०५५ ले निबन्ध विधालाई सकारात्मक रुपमा हेरेको देखिन्छ । विधागत वितरणलाई हेर्दा पनि अन्य विधाको सापेक्षतामा यो विधालाई बढी प्राथमिकता दिइएको देखिन्छ ।

## २.३ सारांश

निबन्ध विधा एक गद्य अभिव्यक्तिअन्तर्गत पर्ने सिर्जनात्मक क्षमताको विकास गर्ने विधा हो । निबन्ध शिक्षण र निबन्धलेखन शिक्षण दुवै पक्षमा विशेष ख्याल राखी माध्यमिक तह कक्षा नौ तथा दशको वार्षिक परीक्षामा निबन्धलेखनसम्बन्धी १० अङ्कभार छुट्टयाइएको छ । राष्ट्रव्यापी रुपमा हुने एस.एल.सी. परीक्षाका लागि पनि अनिवार्य नेपालीअन्तर्गत १० अङ्कभार छुट्टयाइएको पाइन्छ । निबन्धलेखन क्षमतालाई बढावा दिदैं अनिवार्य नेपाली विषयको अभ्यासहरूमा सिर्जनात्मक अभ्यासअन्तर्गत निबन्धलेखनलाई प्रेरित गरिएको पाइन्छ । यसबाट के कुराको सङकेत हुन्छ भने अनिवार्य नेपाली माध्यमिक पाठ्यक्रम २०५५ निबन्धलेखनप्रति सकारात्मक देखिन्छ । विद्यार्थीहरूमा नेपाली भाषाको स्तरीय लेखन क्षमता बृद्धि गर्न निबन्धलेखनले ठूलो टेवा पुऱ्याएको छ । यसले गर्दा माध्यमिक तहमा निबन्ध विधा शिक्षण तथा निबन्धलेखन शिक्षणले ठूलो भूमिका खेलेको छ ।

# परिच्छेद - तीन

# अध्ययन विधि

अनुसन्धान भनेको नयाँ तथ्य पत्ता लगाउन गरिने व्यवस्थित प्रयास हो । यो औपचारिक हुन्छ । यसको प्रक्रिया वैज्ञानिक हुन्छ र यसमा कुनै सिद्धान्तको खोजी गर्ने प्रयास गरिएको हुन्छ । यसमा व्यवस्थित, वस्तुनिष्ठ र तथ्यपरक विश्लेषण हुने भएकाले अनुसन्धान कार्य कसरी सम्पन्न गएिको छ भनी प्रष्ट्याउने क्रममा अनुसन्धान विधिको विवरण महŒपूर्ण विषय हो । अनुसन्धान विधिअन्तर्गत सामग्रीको स्रोत, सामग्रीसङ्कलन गर्ने उपकरणहरू र सामग्री सङ्कलन गर्ने प्रक्रियाहरू पर्दछन् । बारेमा पूर्वयोजनाका रुपमा गरिनुपर्दछ । यसो गरेमा मात्र अनुसन्धान कार्यमा कुनै बाधा आउदैन र अनुसन्धानले सही गोरेटो लिन्छ । प्रस्तुत अनुसन्धान अध्ययनका लागि अध्येताले अपनाएका विधिहरू यस परिच्छेदमा समावेश गरिएका छन् ।

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्ला कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउने उद्देश्यले गर्न खोजेको कुरा उद्देश्य खण्डबाट स्पष्ट भएको छ । त्यसकारण अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई महŒव दिएर निष्कर्षमा पुग्ने प्रयास महŒवपूर्ण ठानिएको छ । **कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूसँग निबन्धलेखन क्षमताको अध्ययन** शीर्षक सोझैं विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकोले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाइ नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । नमुना सर्वेक्षण बिधिअन्तर्गत यसको कार्य क्षेत्रीय विधि र प्रयोगात्मक विधिमा आधारित रहन्छ । यस अनुसन्धान अध्ययनलाई वस्तुगत र जीवन्त बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ । यिनै विविध

सर्वेक्षणात्मक विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारुप तयार पारिएको हो । प्रस्तुत अध्ययनमा अवलम्बन गरिएका प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार छ :

### ३.१ जनसङ्ख्याको पहिचान

शैक्षिक सत्र २०४६ मा कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याका रुपमा लिइएको छ , तर अध्ययनको प्रयोजन, समय र लगानी आदिका कारणले जिल्लाभरिका सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने तथा आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कन क्षेत्र कञ्चनपुर जिल्लाभित्रका सरकारी र निजी गरी ८ वटा विद्यालयका जम्मा ८० जना विद्यार्थीहरुलाई जनसङ्ख्याका रुपमा लिइएको छ ।

### ३.२ प्रतिनिधि नमुना

अनुसन्धानमा पुरै जनसङ्ख्यालाई लिएर अध्ययन गर्नु कतिपय अवस्थामा असम्भव र अव्यावहारिक हुन्छ । तसर्थ सम्पूर्ण जनसङ्ख्याको सट्टामा अनुसन्धानको निम्ति प्रयोग गरिने निश्चित सङ्ख्यालाई नमुना भनिन्छ । प्रतिनिधि नमुनाले जनसङ्ख्याको पूर्णतः प्रतिनिधित्व गरोस् र सम्पूर्ण जनसङ्ख्याका गुण वा विशेषताहरु त्यस्ता नमुनामा समाहित होऊन् भन्ने अध्येताको दृष्टिकोण रहेको हुन्छ । अनुसन्धानमा प्रयोग हुने नमुनाले सिङ्गो जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गुण राखेको हुनुपर्छ । यस्ता नमुनाहरु जति बढी प्रतिनिधिमूलक हुन्छन् , अनुसन्धान पनि उति नै शुद्ध र विश्वसनीय हुन्छ ।

कुनैपनि अनुसन्धानमा त्यसको व्याख्या र विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्याबाट कसरी नमुनाको प्रतिनिधिन्व गराइएको छ भन्ने कुरा नितान्त आवश्यक पक्ष हो । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन सम्भावनामा उद्देश्य, वर्गछनोटजस्ता विधि अपनाइएका छन् । नमुना छनोट गर्ने क्रममा कञ्चनपुर जिल्लाभित्रका चारओटा सरकारी विद्यालयको चयन गर्दा गाउँविकास समितिअन्तर्गत रहेका विद्यालयलाई लिइएको छ । कञ्चनपुर जिल्लाभित्र पर्ने दोधारा , चाँदनी, कृष्णपुर,

सुडाजस्ता गाउँविकास समितिहरूमा अवस्थित सरकारी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट फरकफरक भाषिक पृष्ठभूमि भएका पाँच/पाँच जना विद्यार्थीहरूमा क्रमशः छात्र/छात्रा पर्ने गरी प्रत्येक विद्यालयबाट दश/दश जनाका दरले जम्मा ५० जना विद्यार्थीहरूको छनोट गरिएको छ । सोही क्रममा नगरपालिको एउटा सरकारी विद्यालयलाई पनि अध्ययनका क्रममा लिइएको छ । सोही प्रक्रिया अवलम्बन गरी तीनओटा निजी विद्यालयहरूबाट ३० जना विद्यार्थीहरूको छनोट गरिएको छ । निजी विद्यालयको चयनमा कञ्चनपुर जिल्लाअन्तर्गत महेन्द्रनगर नगरपालिका भित्रका विभिन्न क्षेत्रमा अवस्थित विद्यालयहरूलाई रोजिएका छन् । यसरी विद्यालयको छनोट गर्दा, विभिन्न क्षेत्रबाट समग्र विद्यालयहरूको प्रतिनिधित्व भएको अपेक्षा अध्येताको रहेको छ । सरकारी तथा निजी विद्यालयको छनोटमा सरकारी विद्यालयहरू गाउँविकास समिति र निजी विद्यालयहरूलाई नगरपालिकाअन्तर्गत पर्ने गरी चयन गरिएको भए पनि एउटा सरकारी विद्यालयलाई नगरपालिका भित्रबाट नमुनाका रुपमा लिइएको छ ।

### ३.३ सामग्रीनिर्माण

अनुसन्धान अध्ययनमा प्रयोग गरिने सामग्रीहरू वैज्ञानिक र व्यवस्थित तरिकाले सङ्कलित गरिएका हुन्छन् । कुनैपनि अनुसन्धानको प्रकृतिअनुसार सामग्रीनिर्माण गरिनुपर्दछ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीको लेखनकला परीक्षण गरी तथ्य सङ्कलन गर्नु भएकाले सोहीअनुरुपका सामग्रीनिर्माण गर्नु आवश्यक ठानियो । निबन्ध लेखन लेखनकलासँग सम्बन्धित एक गहन विषय भएको र विद्यार्थीहरूबाट गराउनु पर्ने हुँदा समसामयिक विषयलाई शीर्षकका रुपमा प्रस्ताव गरियो । प्रस्तावित शीर्षकहरूमा शोधनिर्देशकको आवश्यक सल्लाह र सुझावहरू पश्चात् अध्येताले प्रस्तुत अध्ययनको शीर्षक चयन गरेका छन् । यस क्रममा प्रतिनिधि नमुना जनसङ्ख्या मध्ये १० जनामा अध्येताले चारवटा शीर्षक दिई पूर्णपरीक्षण गरेका छन् । पूर्वपरीक्षण गरिएका उत्तरपुस्तिकाहरूलाई प्रक्रियागत रुपमा जाँची पूर्वपरीक्षणबाट प्राप्त नतिजाअनुसार

दुईवटा मात्र शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने प्रयत्न गरेका छन् ।

### ३.४ तथ्याङ्क सङ्कलन

तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाका रुपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेख्न प्रेरित गरियो । नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुरका विभागीय प्रमुख श्री भोजराज ढुङ्गेल तथा अन्य श्रद्धेय गुरुहरूको आवश्यक सुझाव र सल्लाहका आधारमा विद्यालय प्रशासनसँग समन्वय गर्दै तथ्याङ्क सङकलन कार्यलाई अगाडि बढाइयो । नमुना जनसङ्ख्याका रुपमा चयन गरिएका विभिन्न विद्यालयहरूबाट निबन्धित उत्तरपुस्तिकाहरूलाई सङ्कलन गरियो । तत्पश्चात् सङ्कलन गरिएका निबन्धित उत्तरपुस्तिकालाई प्रक्रियागत रुपमा जाँच गरियो । प्राप्त प्राप्ताङ्कलाई उत्तरपुस्तिकाको सिरानमा अङ्कित गरियो । निबन्धित उत्तरपुस्तिकालाई जाँच गर्न अनिवार्य नेपालीको एस.एल.सी. उत्तरपुस्तिका परीक्षण कुञ्जिका २०६३ लाई अझ परिष्कार गर्दै शीर्षकसँग सम्बन्धित विषयवस्तु, प्रस्तुतीकरण र भाषिक शुद्धता गरी तीन पक्षमा केन्द्रित रही वस्तुगत रुपमा अङ्क निर्धारण गरियो । २०६३ को अनिवार्य नेपालीको एस.एल.सी. उत्तरकुञ्जिकालाई छोटो रुप बनाई परीक्षण गरियो ।

प्रस्तुत अध्ययनका लागि शैक्षिक सत्र २०६४ अन्तर्गत जेष्ठ/आषाढ महिनाको समयलाई छनौट गरी तथ्यहरू सङ्कलन गरिएको थियो । सोही कार्यका लागि नमुना छनोटमा परेका विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक सल्लाह दिइएको थियो । बढीमा एक निबन्धको शीर्षकका लागि ४५ मिनेट समयसीमा निर्धारण गरी २ वटा शीर्षकको लागि १:३० घण्टा समय दिएर निबन्ध तयार गर्न निर्देश गर्दै विद्यार्थीहरूमा लेख्न प्रेरित गराइएको थियो ।

## ४.५ व्याख्या विश्लेषण र प्रस्तुतीकरण

कुनैपनि अनुसन्धानको मेरुदण्ड तथ्य सङ्कलन हो भन्दा सन्देह नहोला । प्रस्तुत अध्ययनको शीर्षक लेखाइसीपसँग सम्बन्धित भएकाले तथ्य सङ्कलनका ऋममा प्राप्त निबन्धमा अङ्कित गरिएको प्राप्ताङ्कलाई लिङ्गगत, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृतिको आधारमा समूहगत रुपमा वर्गीकरण गर्दा तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका कममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो र प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरू मध्ये मध्यमानभन्दा तल कति प्रतिशत विद्यार्थीहरू छन् र कति प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि छन् भनेर गणना गरियो । माथि उल्लेखित विभिन्न समूहको क्षमता मापन गर्न पनि त्यही प्रक्रिया अँगालियो । समग्र तथा समूहगत रुपमा मानक विचलन निकाली तथ्य विश्लेषणमा थप सरलता ल्याउने प्रयत्न गरियो । त्यसरी नै प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्यम स्थान तथा न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरियो । यसका साथै समग्र मध्यमानकै आधारमा विभिन्न चलहरूका बीच निबन्धलेखन क्षमताको अवलोकन गरियो । अध्ययनमा समाविष्ट विभिन्न चलहरूको समूहगत मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गरियो । संस्थागत, भाषागत, लिङ्गगत, भौगोलिक समूहहरूमा निबन्धलेखन क्षमताको परीक्षण गर्न ‘T’Test को प्रयोग गरियो । प्रस्तुत अध्ययनका कममा उपयोगमा ल्याइएका साङ्ख्यिकी सूत्रहरू निम्नानुसार रहेका छन् :

क) ‘T’मान गणना गर्न प्रयोगमा आएको सूत्र

$$T_{observed} = \frac{\bar{x}_e - \bar{x}_c}{\sqrt{\frac{\pm^2_e}{n_1} + \frac{\pm^2_c}{n_2}}}$$

यहाँ

T= Tमान

$\overline{X}e =$ पहिलो समूहको मध्यमान

$\overline{X}c =$ दोस्रो समूहको मध्यमान

$\pm_e =$ पहिलो समूहको मानकविचलन

$\pm_c =$ दास्रो समूहको मानकविचलन

$n_1 =$ पहिलो समूहको जम्मा सङ्ख्या

$n_2 =$ दोस्रो समूहको जम्मा सङ्ख्या

साङ्ख्यिकीका पुस्तकमा दिइने तालिकाहरूका आधारमा critical values of T तालिकामा 'T' को मान ०.०५ सार्थकताको तहमा २.०० लिई सोही आधारमा निष्कर्ष निकालियो ।

ख) मध्यमान (Mean ) निकाल्न प्रयोगमा आएको सूत्र :

$$\overline{X} = \frac{\sum X}{N}$$

यहाँ

$\overline{X} =$ मध्यमान

$\sum X =$ X हरूको कुल योग

N = जम्मा सङ्ख्या

'X'= तथ्याङ्कलाई जनाउने छ ।

ग) मानक विचलन (Standard Debiation) गणना गर्न प्रयोगमा आएको सूत्रः

$$\pm = \sqrt{\frac{\sum fx^2}{N} - \left(\frac{\sum fx}{N}\right)^2}$$

यहाँ $\pm$ = मानक विचलन f= बारम्बारता

X= तथ्याङ्क N= बारम्बारताको योग

$\sum$ = सिग्मा (योगफल भन्ने अर्थ लाग्छ ।)

घ) प्रतिशताङ्क (Percentile) गणना गर्न उपयोगमा आएको सूत्र : -

$$P = \frac{R}{T} \times 100$$

यहाँ, P= प्रतिशत T= कुल विद्यार्थी सङ्ख्या

R= तोकिएका श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

**३.६ सारांश**

यसरी **कञ्चनपुर जिल्लाका कक्षा दशमा अधययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन** शीर्षकका लागि क्षेत्रीय सामग्रीसङ्कलन अध्ययन विधिअन्तर्गत कञ्चनपुर जिल्लाभरिका आठ वटा विद्यालयहरूलाई प्रतिनिधि नमुनाका रुपमा लिइएको छ । नमुनामा परेका प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीहरू ( जम्मा ८०जना) छनोट गरी निबन्ध लेखाइएको छ । निबन्ध लेख्नुभन्दा पूर्व दश जना विद्यार्थीहरूमा चारवटा शीर्षक दिई पूर्वपरीक्षण गरेर प्राप्त नतिजाअनुसार दुई वटा शीर्षकमा ८० जना विद्यार्थीहरूलाई लेख्न लगाइएको छ । विद्यार्थीहरूबाट प्राप्त नतिजाअनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद - चार

# व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनबाट कञ्चनपुर जिल्ला कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अघिल्लो परिच्छेदमा गरिएको अध्ययनविधिअनुसार यहाँ शोधकर्ताद्वारा कञ्चनपुर जिल्लाभित्रका जम्मा ८० जना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्य सङ्कलन गरिएको छ । सो तथ्यहरूलाई साङ्ख्यकीय आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखी व्यवस्थित गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रुप दिन प्रतिशत गणना, मध्यमान, मानक विचलनजस्ता तथ्याङ्कशास्त्रीय विश्लेषित तरिकालाई अगाडि सारिएको छ । यस शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषित स्वरुप निम्नानुसार देखाइएको छ :-

## ४.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.१.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुलसङ्ख्या | ३५प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ भन्दा बढी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | २ | २.५ | २३ | २८.७५ | १७ | २१.२५ | १७ | २१.२५ | २१ | २७.२५ |

माथिको तालिकाअनुसार समस्त विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रुपमा छनोट गरिएका कुल सङ्ख्या ८० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या

२.५ प्रतिशत देखिन्छ । त्यसैगरी ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २८.७५ प्रतिशत देखिन्छ । ४५ प्रतिशत र ५५ प्रतिशतको बीचका विद्यार्थीहरूको निबन्धलेखन क्षमता भएको सङ्ख्या २१.२५ प्रतिशत देखिन्छ । ५५ प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २१.१५ प्रतिशतमात्र रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीका रुपमा मापन गरिएको ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २७.२५ प्रतिशतमात्र रहेको छ ।

यसरी निम्नतम श्रेणीका रुपमा मापन गरिएको ३५ प्रतिशतभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (२.५प्रतिशत) र उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २१ (२७.२५ प्रतिशत) देखिनाले समग्रतामा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ । उपर्युक्त तथ्याङ्कअनुसार ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउन सफल विद्यार्थीहरूको सङ्ख्या अन्य प्रतिशताङ्क वर्गहरूको भन्दा बढी अर्थात् २८.७५ प्रतिशत देखिन्छ भने ६५ प्रतिशतभन्दा बढी अर्थात् २७.२५ प्रतिशत देखिनुले विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ । तालिकामा उल्लेख भएअनुसार ५५ प्रतिशतलाई आधार मानेर हेर्दा ५५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५२.५ प्रतिशत र ५५ प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४७.५ देखिनाले विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य देखिन्छ ।

यस तथ्यले विद्यार्थीहरू आंशिक रुपमा निबन्ध विधासँग परिचित रहेपनि स्पष्ट हुन नसकेका विद्यार्थीहरूको सङ्ख्या बढी रहेको यथार्थतालाई देखाएको छ । प्रस्तुत तालिकाअनुसार कञ्चनपुर जिल्ला कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता समग्रमा हेर्दा अथवा ५५ प्रतिशतलाई आधार मान्दा ५५ प्रंतिशतभन्दा माथि ४७.५ र तल ५२.५ प्रतिशत देखिनाले सन्तोषजनक नरहेको देखिन्छ तर उच्चतम श्रेणी

६५ प्रतिशतभन्दा माथि २७.२५ प्रतिशत र निम्नतम श्रेणी ३५ प्रतिशतभन्दा कम २.५ प्रतिशत रहनाले उच्चतम र निम्नतमभन्दा उच्चतमको अन्तर २५.२० देखिएकोले उच्चतम निम्नतमको आधारमा निबन्धलेखन क्षमतामा एकरुपता नभेटिए पनि उच्च प्रतिशतको बाहुल्यता देखिन्छ र नतिजा सन्तोषजनक मान्नुपर्ने हुन्छ ।

### ४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ५.५५ | १.४६ | ३८ | ४७.५ | ४२ | ५२.५ |

उपर्युक्त तालिकाअनुसार मध्यमान ५.५५ देखिएको छ भने मानक विचलन १.४६ रहेको छ । मध्यमानलाई आधारमानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४७.५ प्रंतिशत रहेको पाइन्छ । मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या ५२.५ देखिएको पाइन्छ । मध्यमानभन्दा तल र माथि दुवै सङ्ख्या बीचको अन्तरलाई हेर्दा ५ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या भन्दा मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्याको अन्तर ५ प्रतिशत बढी देखिनाले कञ्चनपुर जिल्ला कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य वा त्यति फस्टाउन नसकेको देखिन्छ ।

मानक विचलनले तथ्याङ्कका वितरणको एकरुपताको मात्रा निर्धारण गर्दछ । स्तरीय भिन्नता जति सानो हुन्छ त्यति नै तथ्याङ्कहरूमा एकरुपताको मात्रा अधिक हुन्छ (खनाल २०६१:१८६) ।

मानक विचलनको आधारमा हेर्दा मानक विचलन १.४६ रहनाले कञ्चनपुर जिल्ला कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरुपता नभएको पाइएको छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य देखिनु र मानक विचलनका आधारमा क्षमतागत एकरुपता नपाइनाले समग्र विद्यार्थीहरूमा निबन्धलेखन क्षमता सन्तोषजनक नभएको देखिन्छ ।

## ४.२ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.२.१ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ भन्दा बढी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २. | २१ | ४२ | ११ | २२ | ११ | २२ | ६ | १२ |

माथिको तालिकामा कञ्चनपुर जिल्ला कक्षा दश (१०) मा अध्ययनरत सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क देखाइएको छ । जसमा नमुना प्रतिनिधि जनसङ्ख्या ५० जना विद्यार्थी चयन गरिएका छन् । उपर्युक्त तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरिएका छन् । जसअनुसार प्रस्तुत अध्ययनमा तल्लो श्रेणीका रुपमा निर्धारण गरिएको ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २ प्रतिशत मात्र देखिन्छ । ३५ देखि ४५ प्रतिशतको बीचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४२ प्रतिशत देखिन्छ । त्यसैगरी ४५ देखि ५५ प्रतिशतको बीचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २२ प्रतिशत रहेको देखिन्छ । ५५ देखि ६५ प्रतिशतको बीचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या २२ प्रतिशत देखिन्छ । प्रस्तुत अध्ययनमा उच्च श्रेणी मापन गरिएको ६५ प्रतिशतभन्दा

माथि प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १२ प्रतिशत रहेको देखिनाले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च नरहेको मान्न सकिन्छ ।

प्रस्तुत अध्ययनमा ५५ प्रतिशतलाई आधार मानेर हेर्दा ५५ प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गर्दा ५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३४ प्रतिशतमात्र देखिनाले निबन्धलेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ । ३५ प्रतिशतभन्दा माथि ४५ प्रतिशतभन्दा तल प्राप्ताङ्क प्राप्तगर्ने विद्यार्थीहरूको सङ्ख्या समग्र प्रतिशतको प्रतिशताङ्कका आधारमा बढी अर्थात् ४२ प्रतिशत देखिनाले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको देखिन्छ ।

### ४.२.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५.०२ | १.१४ | १७ | ३४ | ३३ | ६६ |

प्रस्तुत तालिकामा मध्यमान ५.०२ र मानक विचलन १.१४ रहेको छ । प्रतिनिधि जम्मा सङ्ख्या ५० रहेको छ । उक्त तालिकामा मध्यमानलाई आधारमानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरु ३४ प्रतिशत र मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६६ प्रतिशत रहेको देखिन्छ । मध्यमान भन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएको विद्यार्थीहरूको सङ्ख्या भन्दा ३२ प्रतिशत बढी देखिनुले सरकारी विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता अति कमजोर देखिन्छ । मानक विचलनको आधारमा हेर्दा मानक

विचलन १.१४ रहनाले सरकारी विद्यालयमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरुपता देखिदैन । यसरी मध्यमान आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता अति कमजोर देखिनु र मानक विचलनका आधारमा एकरुपता नपाइनाले कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता एकदमै कमजोर देखिन्छ ।

## ४.३ निजी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.३.१ निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुलसङ्ख्या | ३५प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ भन्दा बढी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | १ | ३.३३. | २ | ६.६७ | ६ | २० | ६ | २० | १५ | ५० |

प्रस्तुत तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क क्षमता पहिचान गर्न नमुना प्रतिनिधि जनसङ्ख्याका रुपमा ३० जना विद्यार्थीहरूलाई चयन गरेको पाइन्छ । उपर्युक्त अध्ययनमा ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूदेखि लिएर ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई प्रतिशताङ्क श्रेणीमा निर्धारण गरिएको छ । प्रस्तुत तालिकामा ३५ प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३.३३ प्रतिशत उल्लेख गरिएको छ । ३५ प्रतिशतभन्दा माथि ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ६.६७ प्रतिशत देखिन्छ । त्यसैगरी ४५ प्रतिशतभन्दा माथि ५५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २० प्रतिशत रहेको छ । ५५ प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको

सङ्ख्या २० प्रतिशत रहेको पाइन्छ । ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५० प्रतिशत रहनुले नबन्धलेखन क्षमतामा कञ्चनपुर जिल्ला कक्षा १० मा अध्ययनरत निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च र स्तरीय देखिन्छ ।

प्रस्तुत तालिकाअनुसार ५५ प्रतिशतलाई आधारमानी हेर्दा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता ५५ प्रतिशतभन्दा माथि निबन्ध विद्यार्थीहरूको सङ्ख्या ७० प्रतिशत देखिनाले उच्च र सन्तोषजनक देखिन्छ । ५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता एकतिहाइ बढी देखिनाले निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता अति राम्रो प्रष्टिएको छ ।

### ४. मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ६.४३ | २.५ | १५ | ५० | १५ | ५० |

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि जनसङ्ख्या ३० जनामध्ये ५० प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा माथि छ । मध्यमानभन्दा तल ५० प्रतिशत विद्यार्थीहरूको क्षमता देखाइएको छ । सो तालिकामा मध्यमान ६.४३ देखाइएको छ । मध्यमानभन्दा माथिका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गर्दा मध्यमानभन्दा तल र माथि बराबर देखिएकोले निजी विद्यालयमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै देखिन्छ तर निजी विद्यालयको अध्यापनमा निरन्तरता र लगावलाई हेर्ने हो भने नतिजा त्यति सन्तोषजनक देखिदैन ।

५५ प्रतिशतलाई आधार मानेर हेर्दा ५५ प्रतिशतभन्दा माथि ७० प्रतिशत निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको नतिजाले निजी विद्यालयका विद्यार्थीहरूको

निबन्धलेखन क्षमता उच्च देखिएको छ । तर मध्यमानका आधारमा त्यति सन्तोषजनक तथ्य नदेखिनाले विद्यार्थीहरूको क्षमतामा एकरुपता भेटिएको देखिदैंन । मानक विचलन २.५ देखिएबाट पनि  निजी विद्यालयका विद्यार्थीहरूको क्षमतामा एकरुपता भेटिदैंन ।

## ४.४ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता स्थिति

### ४.४.१ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुलसङ्ख्या | ३५प्रतिशत भन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ भन्दा बढी प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ७२ | २ | २.७७ | २० | २७.७७ | १६ | २२.२ | १६ | २२.२ | १८ | २५ |

प्रस्तुत तालिकामा जम्मा नमुना प्रतिनिधि विद्यार्थी सङ्ख्या ८० मध्येबाट ७२ जना नेपाली मातृभाषी विद्यार्थीहरू देखाइएका छन् । उक्त तालिकाअनुसार ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २.७७ प्रतिशत देखाइएको छ । ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २७.७७ प्रतिशत देखिन्छ । ४५ प्रतिशतभन्दा माथि र ५५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २२.२ प्रतिशत रहेको पाइन्छ । उच्चतम श्रेणी निर्धारण गरिएको ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत रहेको देखिन्छ । यसबाट विद्यार्थीहरूको क्षमता कमजोर देखिन्छ । ५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी हेर्दा समग्र प्रतिशतमा ५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ४७.२ प्रतिशत र ५५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ५२.८ प्रतिशत रहनुले कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको

निबन्धलेखन क्षमता सामान्य रहेको पाइन्छ । ५५ प्रतिशतलाई आधारमानी हेर्दा ५५ प्रतिशतभन्दा तल र माथिको अन्तर ४.४ देखिनुले ५५ प्रतिशतभन्दा माथिका विद्यार्थी सङ्ख्या ५५ प्रतिशत तलका विद्यार्थी सङ्ख्याको अन्तर ४.४ बढी रहनुले नतिजा त्यति सन्तोषजनक नरहेको पाइन्छ ।

### ४.४.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ७२ | ५.५३ | ०.२७ | ३४ | ४७.२२ | ३८ | ५२.७८ |

उपर्युक्त तालिकाअनुसार जम्मा प्रतिनिधि नेपाली मातृभाषी नमुना जनसङ्ख्या ७२ रहेको देखिन्छ । मध्यमानको आधारमा हेर्दा मध्यमानभन्दा ४७.२२ प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल ५२.७८ प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमता दखिएको छ । जहाँ मध्यमान ५.५३ देखाइएको छ । मध्यमानलाई आधार बनाएर मध्यमानभन्दा माथिका विद्यार्थीहरूलाई सन्तोषजनक र मध्यमानभन्दा तलका विद्यार्थीहरूलाई निराशाजनक श्रेणीमा वर्गीकृत गरी माथिको तालिकालाई अध्ययन गर्दा त्यति निराशाजनक स्थिति देखिदैंन । किनकि मध्यमानभन्दा माथिको सङ्ख्या ४७.२२ र तलको सङ्ख्या ५२.७८ देखिनाले लगभग लगभग निबन्धलेखन क्षमत सामान्य रहेको देखिन्छ । तालिकाअनुसार मानक विचलन ०.२७ देखिनुले नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरुपता रहेको देखिन्छ ।

नेपाली भाषा बोलचालको भाषा भएर पनि नेपाली मातृभाषी विद्यार्थीहरूमा स्वतन्त्र लेखनकला क्षमता लगभग कमजोर नै देखिएको छ । विद्यार्थीहरूमा

लेखनकलासम्बन्धी धारणात्मक विकास भएको भएतापनि प्रक्रियागत लेखाइसीप र विश्लेषणात्मक ज्ञानको कमी रहेको देखिन्छ ।

## ४.५ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.५.१ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुलसङ्ख्या | ३५ प्रतिशभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८ | ० | - | ३ | ३७.५ | १ | १२.५ | ० | - | ४ | ५० |

माथिको तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी निबन्धलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न नेपाली विमातृभाषी विद्यार्थी मध्येबाट नमुना जनसङ्ख्याको रुपमा ८ जना विद्यार्थीहरूलाई चयन गरेको देखिन्छ । यहाँ ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या छैन । ३५ प्रतिशतभन्दा माथि ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३७.५ प्रतिशत अङ्कन गरिएको छ । ४५ प्रतिशतभन्दा माथि ५५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएको सङ्ख्या १२.५ प्रतिशत देखिएको छ । ५५ प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य देखिएको छ । यसैगरी प्रस्तुत अध्ययनमा उच्चतम श्रेणी मापन गरिएको ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन भएका विद्यार्थीहरूको सङ्ख्या ५० प्रतिशत रहनाले विद्यार्थीको निबन्धलेखन क्षमता अति उच्च रहेको देखिन्छ । यो श्रेणी नै यस तालिकामा अन्य श्रेणीभन्दा बढी विद्यार्थीहरूको निबन्धलेखन क्षमता रहनुले नेपाली विमातृभाषी विद्यार्थीहरूले निबन्धलेखन क्षमता अति राम्रो देखिन्छ ।

५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा नतिजा सामान्य देखिन्छ ।

५५ प्रतिशतभन्दा माथि र तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बराबरी ५०/५० प्रतिशत रहनुले सामान्य देखिन्छ । नमुना छनौटमा परेका विद्यार्थीहरूमध्ये कञ्चनपुर जिल्लामा नेपाली मातृभाषी विद्यार्थीहरूको अत्यधिक प्रभाव परेको र कम मात्रामा नेपाली विमातृभाषीहरूको सङ्ख्या भएको तथा नेपाली विमातृभाषीहरूको अनौपचारिक भाषा पनि नेपाली नै हुने भएकोले नै नेपाली मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा खासै अन्तर नभएको हुन सक्छ । प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका प्रतिनिधि विद्यालयहरूमा विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या एकदमै न्यून हुँदा यहाँ नेपाली विमातृभाषी विद्यार्थीहरू एकदमै कम नमुना छनौटमा परेका देखिन्छन् । उनीहरूको सङ्ख्या एकदम कम भएपनि निबन्धलेखन क्षमता त्यति कमजोर नरहेको देखिन्छ । यस तथ्यले नेपाली विमातृभाषी विद्यार्थीहरूमा भाषाको धारणात्मक विकास स्तरीय रुपमा नभएपनि निबन्धलेखन क्षमतासम्बन्धी प्रक्रियागत विश्लेषणात्मक ज्ञानको अलिकति भएपनि विकास भएको देखिन्छ । अधिकांश विद्यार्थीहरूको क्षमतागत प्राप्ताङ्क ५० प्रतिशतको बराबरीमा देखिनाले निबन्धलेखनसम्बन्धी राम्रो दक्षता प्राप्त गर्न नसकेको देखिएको छ ।

### ४.५.५ मध्यमान र मानक विचलनका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८ | ६.१३ | १.९६ | ४ | ५० | ४ | ५० |

उपर्युक्त तालिकाअनुसार मध्यमान ६.१३ र मानक विचलन १.९६ देखाइएको छ । जम्मा प्रतिनिधि नमुना जनसङ्ख्या ८ मध्ये ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमानलाई

केन्द्रविन्दु मानेर हेर्दा मध्यमानभन्दा माथिको नतिजालाई सन्तोषजनक र मध्यमानभन्दा तलको नतिजालाई निराशाजनक रुपमा लिइएको छ । यसका आधारमा तालिकाको समग्र नतिजाले सामान्य सङ्केत गरेको छ । मध्यमानभन्दा माथि र तल बराबरी प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको सङ्ख्या देखिनाले सामान्यतया नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमस्तरको देखिएको छ भन्न सकिन्छ । तालिकाअनुसार मानक विचलन १.९७ देखिनाले विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरुपता नभएको देखिन्छ ।

नेपाली विमातृभाषी विद्यार्थीहरूको नेपाली भाषाको स्वतन्त्र लेखनकलामा कमजोरीपना पाइन्छ भन्ने कुरालाई यस तथ्यले चुनौति दिइएको छ । नेपाली भाषाको मौखिक अभिव्यक्तिमा मानक भाषा शुद्ध बोल्न नसकेपनि लिखित अभिव्यक्ति त्यति कमजोर नभएको तथ्य प्रस्तुत शोधबाट देखिन गएको छ ।

## ४.६ छात्रा विद्यार्थीहरूको निन्बधलेखन क्षमताको स्थिति

### ४.६.१ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुलसङ्ख्या | ३५प्रतिशत भन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३६ | ० | - | १६ | ४४.४४ | ५ | १३.८९ | ७ | १९.४४ | ८ | २२ |

प्रस्तुत तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी छात्राहरूको निबन्धलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ३६ जना विद्यार्थीहरूलाई चयन गरेको देखिन्छ । यहाँ ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य अथवा नभएको देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४४.४४ प्रतिशत अङ्कन गरिएको देखिन्छ । त्यसैगरी ४५ प्रतिशतभन्दा माथि र ५५

प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३.८९ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ५५ प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९.४४ प्रतिशत रहेको पाइन्छ । यसैगरी प्रस्तुत अध्ययनमा उच्चतम श्रेणी मापन गरिएको ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२ प्रतिशतमात्र रहेको देखिन्छ ।

५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी अध्ययन गर्दा सन्तोषप्रद नतिजा पाउन सकिदैँन किनकि ५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४१.४४ रहनुले छात्राहरूको निबन्धलेखन क्षमता कमजोर नै देखिन्छ । प्रस्तुत अध्ययनमा सरकारी र निजी विद्यालयका छात्राहरूको लेखन क्षमताको अध्ययन अलग-अलग रुपमा नगरेर समग्र रुपमा गरिएको छ । त्यसैअनुसार तालिकीकरण गरिएको छ ।

### ४.६.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुलछात्रा सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३६ | ५.२८ | १.३७ | १५ | ४१.४४ | २१ | ५८.३३ |

माथिको तालिकामा मध्यमान ५.२८ छ । प्रतिनिधि नमुनाको जम्मा-जम्मी सङ्ख्या ३६ देखाइएको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४१.४४ प्रतिशत र मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५८.३३ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्याभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्याको अन्तर १६.८९ प्रतिशत बढी देखिनुले कक्षा १० मा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता एकदम कमजोर रहेको मान्न

सकिन्छ । मानक विचलनको आधारमा हेर्दा मानक विचलन १.३७ रहनाले कञ्चनपुर जिल्ला कक्षा १० मा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरुपता नभएको देखिन्छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर र मानक विचलनका आधारमा क्षमतागत एकरुपता नपाइनाले छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नपाइएको देखिन्छ ।

## ४.७ छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.७.१ समग्र विद्यार्थीहरूमध्येबाट छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल विद्यार्थी | ३५प्रतिशत भन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४४ | २ | ४.५५ | ९ | २०.४५ | १० | २२.७३ | १० | २२.७३ | १३ | २९.५५ |

उपर्युक्त तालिकाअनुसार छात्र विद्यार्थीहरूमध्येबाट नमुना प्रतिनिधि जनसङ्ख्याका रुपमा ४४ जना विद्यार्थीहरूलाई चयन गरी पाँच श्रेणीमा निर्धारण गरिएको छ । यहाँ ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४.५५ प्रतिशत रहेको पाइन्छ । ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २०.४५ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ४५ प्रतिशतभन्दा माथि ५५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२.७३ प्रतिशत देखिएको छ । ५५ प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२.७३ रहेको देखिन्छ । यसैक्रममा उच्चतम श्रेणी मापन गरिएको ६५ प्रतिशतभन्दा माथि

निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या श्रेणीगत आधारमा अन्य श्रेणीभन्दा बढी २९.५५ प्रतिशत रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनअनुसार ५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी अध्ययन गर्दा ५५ प्रतिशतभन्दा माथि विद्यार्थीहरूको निबन्धलेखन क्षमता ५२.२८ प्रतिशत रहनुले नतिजा सन्तोषजनक वा राम्रो देखिएको छ । प्रस्तुत तालिकाअनुसार छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तथ्य हेर्दा त्यति कमजोर देखिदैंन । निबन्धलेखनसम्बन्धी पूर्ण र परिपक्व ज्ञान नभएपनि सन्तोषजनक नै देखिएको पाइन्छ ।

### ४.७.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुलछात्र सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४४ | ५.७३ | १.५४ | २३ | ५२.२८ | २१ | ४७.७३ |

माथिको तालिकाअनुसार मानक विचलन १.५४ र मध्यमान ५.७३ देखाइएको छ । प्रतिनिधि नमुनाको जम्माजम्मी सङ्ख्या ४४ रहेको पाइन्छ । माथिको तालिकामा मध्यमानलाई आधारमानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५२.२८ प्रतिशत र मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४७.७३ प्रतिशत रहेको देखिन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्याभन्दा ४.५५ बढी देखिनुले कञ्चनपुर जिल्ला कक्षा १० मा अध्ययनरत छात्र विद्यार्थीको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । मानक विचलनको आधारमा हेर्दा प्रस्तुत तालिकामा मानक विचलन १.५४ रहनुले छात्र विद्यार्थीहरूको निबन्धलेखन

क्षमतामा एकरुपता नभएको देखिन्छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक देखिनु र मानक विचलनका आधारमा क्षमतागत एकरुपता नपाइनुले कञ्चनपुर जिल्ला कक्षा १० मा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## ४.८ ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.८.१ ग्रामीण विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुलविद्यार्थी सङ्ख्या | ३५प्रतिशत भन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १ | २.५ | १८ | ४५ | ८ | २० | ८ | २० | ५ | १२.५ |

माथिको तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी ग्रामीण विद्यार्थीहरूको निबन्धलेखनको प्रतिशताङ्क निर्धारण गर्न ग्रामीण विद्यालयका नमुना प्रतिनिधि जनसङ्ख्याका रुपमा ४० जना विद्यार्थीहरूलाई चयन गरेको देखिन्छ । प्रस्तुत तालिकाअनुसार ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएको विद्यार्थीहरूदेखि ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई प्रतिशताङ्क श्रेणीमा निर्धारण गरिएको छ । ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २.५ प्रतिशत रहेको देखिन्छ । ३५ प्रतिशतभन्दा माथि ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या श्रेणीगत आधारमा सबभन्दा बढी ४५ प्रतशत रहेको पाइन्छ । यसैगरी ५५ प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २० प्रतिशत देखिएको छ । यसैक्रममा ५५ प्रतिशतभन्दा माथि र ६५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २० प्रतिशत छ । यसैगरी ६५ प्रतिशतभन्दा माथि

निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२.५ प्रतिशत मात्र देखिएको हुँदा निबन्धलेखनमा ग्रामीण विद्यालयका विद्यार्थीहरूको क्षमता कमजोर रहेको देखिन्छ ।

५५ प्रतिशतलाई आधारमानी हेर्दा सो प्रतिशभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३२.५ प्रतिशत मात्र देखिनुले ग्रामीण विद्यालयका विद्यार्थीहरुको निबन्धलेखन क्षमता अतिकमजोर देखिन्छ । एकतिहाइभन्दा कम प्रतिशत विद्यार्थीहरूले मात्र ५५ प्रतिशतभन्दा माथि नतिजा ल्याउन सफल भएको तथ्यले ग्रामीण भेगका विद्यार्थीहरूको निबन्धलेखन क्षमता अतिकमजोर पुष्टिएको पाइन्छ ।

दक्ष, तालिमप्राप्त शिक्षकको अभाव शिक्षकहरूको लापरवाही, आधुनिक सुविधाहरूको अभाव पर्याप्त पाठ्यपुस्तकको कमी र गरिबीको कारणले ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिएको छ ।

### ४.८.२ मध्यमान र मानक विचलनका आधारमा ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ४.९८ | १.१७ | २१ | ५२.५० | १९ | ४७.५० |

उपर्युक्त तालिकामा मध्यमान ४.९८ छ । प्रतिनिधि नमुनाको जम्मा-जम्मी सङ्ख्या ४० देखिएका छन् । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५२.५० प्रतिशत र मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४७.५० प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूभन्दा ५ प्रतिशतले बढी देखिनाले सामान्यतया ग्रामीण विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य रहेको देखिन्छ । मानक विचलनको आधारमा हेर्दा मानक विचलन १.१७ रहनुले ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलखेन

क्षमतामा एकरुपता नभएको देखिन्छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य देखिनु र मानक विचलनका आधारमा क्षमतागत एकरुपता नपाइनाले समग्र ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषप्रद नभएको देखिन्छ ।

## ८.९ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.९.१ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल विद्यार्थी | ३५प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १ | २.५ | ५ | १२.५ | ९ | २२.५ | ९ | २२.५ | १६ | ४० |

उपर्युक्त तालिकाअनुसार सहरी विद्यालयका ४० जना विद्यार्थीहरूमध्ये २.५ प्रतिशत विद्यार्थीहरू ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता हुने समूहमा परेका देखिन्छन् । ३५ प्रतिशतभन्दा माथि ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२.५ प्रतिशत देखिएको छ । ४५ प्रतिशतभन्दा माथि ५५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२.५ प्रतिशत रहेको छ । त्यसैगरी ५५ प्रतिशतभन्दा माथि ६५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या पनि २२.५ प्रतिशत नै देखिएको पाइन्छ । उच्चतम श्रेणी निर्धारण गरिएको ६५ प्रतिशतभन्दा माथि श्रेणीगत आधारमा अन्य श्रेणीभन्दा बढी ४० प्रतिशत रहनाले निबन्धलेखन क्षमतामा विद्यार्थीहरूको दक्षता सामान्य रहेको पाइन्छ ।

उपर्युक्त तालिकाअनुसार ५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी प्रस्तुत तालिकाको अध्ययन गर्दा ६२.५ प्रतिशत नतिजा देखिनुले सन्तोषजनक देखिन्छ । समग्र रुपमा यस तथ्यलाई हेर्दा

सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो र सन्तोषजनक नै देखिएको पाइन्छ ।

### ८.९.२ मध्यमान र मानक विचलनका आधारम सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ६.१३ | १.५० | १६ | ४० | २४ | ६० |

उपर्युक्त तालिकामा प्रतिनिधि नमुनाको सङ्ख्या ४० रहेको छ, जसअनुसार मध्यमान ६.१३ छ भने मानक विचलन १.५० रहेको देखिन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरू ४० प्रतिशत र मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरू ६० प्रतिशत देखिनुले सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानका आधारमा सन्तोषजनक नदेखिए पनि मध्यमान उच्च ६.१३ रहनुले सहरी विद्यार्थीहरूको निबन्धलेखन क्षमता नराम्रो भन्न सकिदैन । मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्याभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्याको अन्तर २० प्रतिशत बढी देखिनाले र मध्यमान पनि उच्च रहनुले सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर भन्न मिल्दैन । मानक विचलनको आधारमा हेर्दा मानक विचलन १.५ रहनुले सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरुपता नभएको प्रष्टिएको छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिए पनि मानक विचलनका आधारमा क्षमतागत एकरुपता नपाइनुले समग्रमा सहरी विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक वा राम्रो नै मान्न सकिन्छ ।

## ८.१० समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको समूगत स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | | समूहगत सङ्ख्या | समग्र मध्यमानभन्दा माथि | | समग्र मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ५.५५ | १.४६ | विद्यालयको प्रकृति | सरकारी | ५० | १७ | ३४ | ३३ | ६६ |
| | | | | निजी | ३० | २१ | ७० | ९ | ३० |
| | | | भाषिक पृष्ठभूमि | नेपाली मातृभाषी | ७२ | ३४ | ४७.२२ | ३८ | ५२.७८ |
| | | | | नेपाली विमातृभाषी | ८ | ४ | ५० | ४ | ५० |
| | | | विद्यार्थीको लैङ्गिकता | छात्र | ४४ | २३ | ५२.२७ | २१ | ४७.७३ |
| | | | | छात्रा | ३६ | १५ | ४१.६७ | २१ | ५८.३३ |
| | | | स्थानीयताको आधारमा | ग्रामीण | ४० | १३ | ३२.५० | २७ | ६७.५० |
| | | | | सहरी | ४० | २५ | ६२.५० | १५ | ३७.५० |

उपर्युक्त तालिकाअनुसार जम्मा नमुना प्रतिनिधि जनसङ्ख्या ८० जना देखाइएको छ, जसअनुसार समग्र मध्यमान ५.५५ लाई आधार बनाई विभिन्न समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ । तालिकामा समग्र मानक विचलन १.४६ र समग्र मध्यमान ५.५५ उल्लेख गरिएको छ । मध्यमान र मानक विचलनको आधारमा समूहगत रुपमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता प्रष्ट्याउन खोजिएको छ जो निम्नानुसार छ :-

प्रस्तुत तालिकामा कुल नमुना प्रतिनिधि जनसङ्ख्या ८० रहेको छ । यस अध्ययनमा विद्यालयको प्रकृतिका दृष्टिले सरकारी र निजीतर्फका क्रमश: ५०, ३० जना विद्यार्थीहरू नमुना छनौटमा परेका छन् । समग्र मध्यमानलाई आधारमान्दा

मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ३४ प्रतिशतमात्र देखिन्छ । समग्र मध्यमानभन्दा तल ६६ प्रतिशत विद्यार्थीहरू देखिनुले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता समग्रमा अति कमजोर देखिन्छ । लगभग ३२ प्रतिशत बढी विद्यार्थीहरू मध्यमानभन्दा तल रहनाले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता अति कमजोर देखिएको पाइन्छ ।

निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई समग्र मध्यमानको आधारमा हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७० प्रतिशत रहेको पाइन्छ । मध्यमानभन्दा तल निबन्धलेखन क्षमताा भएका विद्यार्थीहरूको सङ्ख्या ३० प्रतिशत मात्र देखिनाले निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्यभन्दा निकै उच्च रहेको देखिन्छ । मध्यमानभन्दा तल र माथि क्रमशः ३०.७० प्रतिशत नतिजा देखिनुले निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता एकदमै उच्च रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा ७२ जना नेपाली मातृभाषी र ८ जना नेपाली विमातृभाषी विद्यार्थीसङ्ख्या नमुना छनोटमा परेका छन् । समग्र मध्यमान ५.५५ लाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ४७.२२ प्रतिशत रहेको छ । मध्यमानभन्दा तल नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ५२.७२ प्रतिशत रहनुले विद्यार्थीहरूको निबन्धलेखन क्षमता लगभग लगभग सामान्य मान्नुपर्ने स्थिति देखिन्छ । मध्यमाभन्दा माथि ४७.२२ प्रतिशत र मध्यमानभन्दा तल ५२.७२ प्रतिशत रहनाले नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता समग्रमा सामान्य देखिन्छ ।

नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता समग्र मध्यमान ५.५५ लाई आधारमानी हेर्दा मध्यमानभन्दा माथि विद्यार्थीसङ्ख्या ५० र मध्यमानभन्दा तल विद्यार्थीसङ्ख्या ५० देखिनुले नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता

बराबरी वा सामान्य देखिएको छ ।  लैङ्गिक आधारमा हेर्दा छात्रतर्फ ४४ जना र छात्रातर्फ ३६ जना विद्यार्थीहरू रहेका छन् । समग्र मध्यमानलाई आधार बनाइ हेर्दा मध्यमानभन्दा माथि ५२.२८ प्रतिशत छात्र विद्यार्थी सङ्ख्या र मध्यमानभन्दा तल ४७.७३ प्रतिशत छात्र विद्यार्थीसङ्ख्या देखिनुले कक्षा १० मा अध्ययनरत छात्रहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै देखिएको छ ।

छात्रातर्फ हेर्दा ४१.४४ प्रतिशत छात्राहरू समग्र मध्यमानभन्दा माथि र ५८.३३ प्रतिशत छात्राहरु मध्यमानभन्दा तल रहनुले छात्राहरूको निबन्धलेखन क्षमता कमजोर देखिएको छ । स्थानीयताको आधारमा हेर्दा ग्रामीण र सहरी विद्यार्थीहरूको जम्मा सङ्ख्या क्रमश: ४०/४० रहेको छ । समग्र मध्यमान ५.५५ का आधारमा ग्रामीण विद्यार्थीहरूतर्फ केलाउँदा ३२.५० प्रतिशत विद्यार्थीसङ्ख्या मध्यमानभन्दा माथि रहेको ६७.५० प्रतिशत विद्यार्थीसङ्ख्या मध्यमानभन्दा तल देखिनुले ग्रामीण विद्यार्थीहरूको निबन्धलेखन क्षमता एकदमै न्यून वा कमजोर रहेको देखिन्छ ।

सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता हेर्दा समग्र मध्यमान ५.५५ भन्दा माथि ६२.५० प्रतिशत विद्यार्थीसङ्ख्या रहेको देखिन्छ भने समग्र मध्यमानभन्दा तल ३७.५० प्रतिशत विद्यार्थीसङ्ख्या देखिनुले सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता अपेक्षाकृत रुपमै उच्च देखिन्छ । समग्र मध्यमानभन्दा तल र माथिको अन्तर हेर्दा २५ प्रतिशत बढी विद्यार्थीहरू समग्र मध्यमानभन्दा माथिको श्रेणीमा देखिनुले सहरी विद्यालयका विद्यार्थीहरूको क्षमता अतिराम्रो वा सन्तोषजनक देखिएको छ । आधुनिक सुविधाले युक्त , विद्यालय तथा शिक्षकको सक्रियता, प्रतिस्पर्धात्मक भावनाको विकास, पर्याप्त मात्रामा शैक्षिक सामग्रीको उपलब्धता र व्यवस्थित तथा योजनाबद्ध शिक्षण सिकाइले गर्दा सहरी विद्यालयका  विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च  देखिन्छ ।

## ८.११ सारांश

प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्ला कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतासम्बन्धी विश्लेषण गर्न ८० जना प्रतिनिधि जनसङ्ख्या छनोट गरियो । जसमा ५० जना सरकारी विद्यालयतर्फका र ३० जना निजी विद्यालयतर्फका छात्र-छात्राहरूको प्रतिशताङ्क स्थिति र मध्यमानका आधारमा निबन्धलेखन क्षमताको विश्लेषण र व्याख्या गरियो । विश्लेषण गर्दा पाँच श्रेणी निर्धारण गरिएको प्रतिशताङ्क श्रेणीअन्तर्गत बहुसङ्ख्यक विद्यार्थीहरू ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका पाइन्छन् । यसरी ४० प्रतिशतको हाराहारीमा धेरैजसो विद्यार्थीहरूको प्राप्ताङ्क रहनुले माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरू निबन्धलेखन क्षमतामा कमजोर देखिएका छन् । साधारणतया विद्यार्थीहरूमा निबन्धसम्बन्धी धारणात्मक ज्ञान भएपनि निबन्धको वस्तुपपक्ष, शब्दचयन तथा प्रयोग, व्याकरण र विषयवस्तुको पूर्वापर सिलसिला आदि, मध्य, अन्त्यको शृङ्खला र सङ्गठन पक्षमा विद्यार्थीहरू अनभिज्ञ देखिएका छन् तसर्थ निबन्धलेखन क्षमता असन्तोषजनक देखिएको तथ्य उपर्युक्त अध्ययनले देखाएको छ ।

यस अनुसन्धान अध्ययनमा विषयवस्तुको संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धताजस्ता आधारहरू लिई निबन्धित उत्तरपुस्तिकाहरूलाई अङ्कन गरिएको छ । यिनै आधारहरूमा आधारित रही सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता अध्ययन गर्दा निजी विद्यालयका विद्यार्थीहरूभन्दा सरकारी विद्यालयका विद्यार्थीहरुमा निबन्धलेखन क्षमता कमजोर देखिएको छ । निजी विद्यालयका विद्यार्थीहरूमा वस्तुपक्षको होसियारी सरकारी विद्यालयका विद्यार्थी समूहभन्दा उच्च देखिएको छ । प्रस्तुतीकरण, सरकारी विद्यालयका विद्यार्थीहरूमा राम्रो देखिएपनि निजी विद्यालयका विद्यार्थी समूह जति उच्च रहेको देखिएन । त्यसैगरी भाषिक शुशद्धता पनि सरकारी विद्यालयका विद्यार्थीहरूको समूहको तुलनामानिजी विद्यालयका विद्यार्थीहरूको

राम्रो देखियो । अनुसन्धान अध्ययनकै क्रममा नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा विमातृभाषी विद्यार्थीहरूको विषयवस्तुको ज्ञान र प्रस्तुति राम्रो देखिएको पाइन्छ । भाषिक शुद्धताका दृष्टिले भने नेपाली विमातृभाषी विद्यार्थीभन्दा नेपाली मातृभााषी उच्च देखिए पनि समग्रमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च देखिएको छ । त्यसैगरी छात्रा समूहका विद्यार्थीहरूभन्दा छात्र समूहका विद्यार्थीहरूमा विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण, भाषिक शुद्धताको स्थिति उच्च नै देखिएको छ । पुरुषप्रधान तथा अविकसित देशका छात्राहरू मनोवैज्ञानिक रुपमा त्यति विकसित हुन सकेको तथ्य आंशिक रुपमा भएपनि यस अध्ययनमा पाइएको छ । ग्रामीण विद्यार्थीहरूको दाँजोमा सहरीया विद्यार्थीहरूको प्रस्तुती, शैली र भाषिक शुद्धता तीनवटै पक्ष उच्च रहेको देखिन्छ । सहरको तुलनामा आधुनिक भौतिक सुविधाहरू प्राप्त गर्न नसक्नु , गरिबीको प्रंभाव पर्नु, रुढिवादी अन्धविश्वासले जरो गाड्नु, योजनाबद्ध तथा व्यवस्थित शिक्षण सिकाइ नहुनु आदि कारणहरूले गर्दा ग्रामीण विद्यार्थीहरू निबन्धलेखन क्षमतामा कमजोर देखिएका पाइन्छन् ।

समग्र रुपमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर नै देखिन्छ । निबन्धलेखन प्रक्रियाको प्रस्तुतिगत ढाँचासँग विद्यार्थीहरू परिचित रहे पनि, भाषिक शुद्धता, विषयवस्तुको संयोजन, सङ्गठन पक्षमा कमजोर देखिएका छन् । सरकारी विद्यालयमा योजनाबद्ध शिक्षण सिकाइ नहुनु अनि निजी विद्यालयमा नेपाली विषयलाई हेयका दृष्टिले हेरिनुले समग्रमा माध्यमिक तहका छात्र छात्राहरुको निबन्धलेखन क्षमता असन्तोषजनक देखिएको छ । त्यसैले लेखाइ सीपमा दक्षता प्राप्त गर्न निबन्ध विधालाई व्यवस्थित रुपमा शिक्षण गर्दै लैजानु आवश्यक देखिन्छ ।

# परिच्छेद - पाँच

# तुलनात्मक विश्लेषण

## ५.१ विभिन्न समूहहरूमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनले कञ्चनपुर जिल्ला कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता जाँच्ने उद्देश्य राखिएको छ । अघिल्लो अध्याय अर्थात् परिच्छेद चारको व्याख्याविश्लेषणलाई आधार मानेर प्रस्तुत अध्यायमा शोधकर्ताद्वारा शोध निर्देशकको सल्लाह र सुझावमा विभिन्न चरहरूका बीच तुलनात्मक विश्लेषण गर्न खोजिएको छ । शोधकर्ताले लिइएका विभिन्न समूह, वर्गबाट लिइएको तथ्यका आधारमा ती समूहहरूबीच निबन्धलेखन क्षमतामा के-कति फरक छ भन्नेतर्फ तुलनात्मक अध्ययन केन्द्रित गरिएको छ । मध्यमान, मानक विचलन, 'T' परीक्षण बीच तुलनात्मक विश्लेषण गर्न फरक-फरक चलहरू प्रयोग गरिएका छन् । उक्त चलहरू परीक्षण गर्न साङ्ख्यिकीहरूलाई उपयोगमा ल्याइएको छ ।

'T' परीक्षणलाई तुलानात्मक विश्लेषणमा प्रयोग गरी हेर्दा निम्नानुसार प्रक्रिया अपनाइएको छ : गणना गरिएको 'T' मान (Calculatedvalues of T) भन्दा 'T' तालिकामा दिएको 'T' को मान (critical values of 'T') कम भएमा दुई चलहरूबीचको क्षमता असमान रहेको हुन्छ । त्यसैगरी गणना गरिएको 'T' को मान (Calculated values of T ) भन्दा 'T' तालिकामा दिएको 'T' को मान ( Critical values of T ) बढी भएमा दुई चलहरूबीचको क्षमता समान रहन्छ । Critical values of 'T' तालिकामा ०.०५ को सार्थकताको तहमा 'T' मान २.०० हुन्छ । यसैका आधारमा गरिएको 'T' को मानलाई तुलना गर्दै प्रस्तुत अनुसन्धान अध्ययनमा दुई चलहरूबीच तुलनात्मक विश्लेषण निम्नानुसार गरिएको छ ।

### ५.१.१ सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्रमानक विचलन | 'T'मान |
|---|---|---|---|---|---|---|
| सरकारी | ५० | ५.०२ | ५.५५ | १.१४ | १.४६ | २.८८ |
| निजी | ३० | ६.४३ | | २.५ | | |

माथिको तालिकामा सरकारी विद्यालयतर्फ ५० र निजी विद्यालयतर्फ ३० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याका रुपमा आएका छन् । समग्र मध्यमान ५.५५ छ । समूहगत रुपमा मध्यमानलाई हेर्दा सरकारी विद्यालयतर्फ ५.०२ र निजी विद्यालयतर्फ ६.४३ रहेको छ । समग्र मानक विचलन १.४६ रहेको छ । समूहगत रुपमा मानक विचलन सरकारी र निजी विद्यालयको क्रमशः १.१४ र २.५ अङ्कित छ । दुवै समूहबीच तुलना गर्दा 'T' मान २.८८ रहेको देखिन्छ ।

यहाँ समग्र मध्यमानका आधारमा समूहगत मध्यमानलाई हेर्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थी समूहको मध्यमान ०.५३ ले समग्र मध्यमानभन्दा कम छ । निजी विद्यालयमा अध्ययनरत विद्यार्थी समूहको मध्यमान समग्र मध्यमानभन्दा ०.८८ ले बढी देखिएको छ । त्यसैगरी निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समूहगत मध्यमान सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समूहगत मध्यमानभन्दा १.४१ ले बढी छ । यसबाट सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको छ भन्न सकिन्छ ।

यसैगरी समग्र मानक विचलनलाई आधार मान्दा समग्र मानक विचलन १.४६ रहेको छ । समग्र मानक विचलनभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन ०.३२ ले कम देखिन्छ भने निजी विद्यालयका विद्यार्थीहरूको समूहगत

मानक विचलन समग्र मानक विचलनभन्दा १.०४ ले बढी देखिन्छ । यसबाट के देखिन्छ भने सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा कम विचलित देखिन्छ भने निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मानक विचलन समग्र मध्यमानभन्दा बढी विचलित देखिनाले मध्यमान र मानक विचलनका आधारमा यी दुई समूहहरूको क्षमताबीच सार्थक अन्तर रहेको देखिन्छ, जसलाई अझ सूक्ष्मगत रुपमा केलाउँदा ०.०५ सार्थकताको तहमा 'T' को मान हेर्दा यी दुई समूहको निबन्धलेखन क्षमतामा सार्थक अन्तर रहेको तथ्याङ्कले देखाउँछ । गणना गरिएको 'T' को मान (२.८८) भन्दा 'T' तालिकामा अङ्कित 'T' मान (२.००) कम भएको तथ्यले यस कुराको पुष्टि गरेको छ । यसरी सरकारी विद्यालय र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छ भन्ने प्राक्कल्पना सावित हुन आएको छ ।

सरकारी विद्यालयका तुलनामा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढी देखिनुको कारण निजी विद्यालयमा अध्ययन अध्यापनमा बढी मेहनत र योजनाबद्ध शिक्षण सिकाइ देखिएको पाइन्छ भने यसको तुलनामा सरकारी विद्यालयमा योजनाबद्ध शिक्षण सिकाइ नहुनु शिक्षकहरूको वेवास्ता र विद्यालयको अनुशासन परिपाटी नै फितलो देखिनुले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ । प्रस्तुत अध्ययनमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूलाई समान सङ्ख्यामा प्रतिनिधित्व गराउने अध्येताको प्रयास रहे पनि निजी विद्यालयको वेवास्ताका कारण सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या असमान रहेको छ ।

### ५.१.२ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्रमानक विचलन | 'T' मान |
|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ७२ | ५.५३ | ५.५५ | ०.२७ | १.४६ | ०.८७ |
| नेपाली विमातृभाषी | ८ | ६.१३ | | १.९६ | | |

उपर्युक्त तालिकामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी हुने ७२ जना र नेपाली विमातृभाषी हुने ८ जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याका रुपमा समावेश गरिएको छ । समूहको समग्र मध्यमान ५.५५ छ । समूहगत रुपमा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान ५.५३ र नेपाली विमातृभाषी विद्यार्थीहरूको मध्यमान ६.१३ रहेको छ । नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलन क्रमशः ०.२७ र १.९६ रहेको छ । जहाँ समग्र मानक विचलन १.४६ देखिन्छ । साथै तालिकामा 'T' मान ०.८७ छ ।

समग्र मध्यमानलाई आधार मान्दा नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा ०.०२ ले मात्र बढी देखिनुले समग्र मध्यमान र नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान धेरै नजिक देखिन्छ । त्यसैगरी नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा ०.५८ बढी देखिनुले समग्र मध्यमानभन्दा माथि देखिन्छ तर नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीको समूहगत मध्यमानको अन्तर हेर्दा नेपाली मातृभाषीभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहतग मध्यमान ०.६० ले बढी देखिन्छ । यस आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरू नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा निबन्धलेखन

क्षमतामा माथि रहेका देखिन्छन् । अर्थात् नेपाली मातृभाषीभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको छ ।

यसैगरी समग्र मानक विचलनलाई आधार मान्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन ०.२७ रहनुले समग्र मानक विचलन (१.४६) भन्दा कम विचलित भएको देखिन्छ । त्यसैगरी नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलन (१.९६) समग्र मानक विचलन (१.४६) भन्दा बढी विचलित भएको देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलन १.६९ ले बढी देखिन्छ । यसबाट नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलन बढी विचलित भएको देखिन्छ ।

यसरी मध्यमान र मानक विचलनका आधारमा यी दुवै समूहबीचमा अन्तर देखिनुले नेपाली मातृभाषीभन्दा नेपाली विमातृभाषीको निबन्धलेखन क्षमता उच्च देखिएको छ । यी दुई समूहबीच अन्तर छ वा छैन भन्नेतर्फ वस्तुगत रुपमा केलाउन 'T' को मान ०.०५ सार्थकताको तहमा हेर्दा गणना गरिएको 'T' को मान (०.८७) भन्दा 'T' तालिकामा अङ्कित 'T' को मान (२.००) बढी भएको तथ्यले दुवै समूहबीच अन्तर रहेको कुरा स्पष्ट हुन्छ । यसरी नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताभन्दा बढी छैन भन्ने प्राक्कल्पना मिथ्या साबित भएको छ ।

प्रस्तुत अध्ययनमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूलाई धेरै तथा समान प्रतिनिधित्व गराउने अध्येताको अथक प्रयास रहेपनि के नमुना प्रतिनिधि विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू विमातृभाषी भाषिक पृष्ठभूमि भएका कम पाइनुले दुई समूहका बीच प्रतिनिधि विद्यार्थीहरूको सङ्ख्या असमान रहेको छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ६४ जनाले बढी रहेको तथ्याङ्कलाई आधार मानी प्रस्तुत अध्ययनलाई अगाडि बढाइएको

छ भने अर्कोतिर कञ्चनपुर जिल्लामा नेपाली मातृभाषी विद्यार्थीहरूको अत्यधिक प्रभाव परेको र कम मात्रामा मात्र नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या भएको तथा नेपाली विमातृभाषीहरूको अनौपचारिक भाषा पनि नेपाली नै हुने भएकाले नै नेपाली मातृभाषी विद्यार्थी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा खासै अन्तर भेटिदैंन अर्थात् उनीहरूको निबन्धलेखन क्षमता सामान्य वा बराबरी नै देखिएको पाइन्छ । यसरी असमान जनसङ्ख्याका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा केही मात्रामा भए पनि नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढी छ भन्ने प्राक्कल्पना सत्य साबित भएको छ ।

### ५.१.३ लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थहिरूको निबन्धलेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्रमानक विचलन | 'T' मान |
|---|---|---|---|---|---|---|
| छात्र | ४४ | ५.७३ | ५.५५ | १.५४ | १.४६ | १.४१ |
| छात्रा | ३६ | ५.२८ | | १.३७ | | |

प्रस्तुत तालिकामा लैङ्गिक दृष्टिले विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक पहिचान गर्न ४४ जना छात्र र ३६ जना छात्राहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याको रुपमा लिइएको छ । समूहगत मध्यमान क्रमशः ५.७३ र ५.२८ देखिन्छ । तालिकामा समग्र मध्यमान ५.५५ अङ्कित छ । समूहगत रुपमा मानक विचलनको स्थिति हेर्दा छात्र समूहतर्फ १.५४ र छात्रा समूहर्त्क १.३७ गणना गरिएको छ । समग्र मानक विचलन १.४६ रहेको छ । तालिकामा 'T' को मान १.४१ देखाइएको छ ।

तालिकाअनुसार समग्र मध्यमानका आधारमा समूहगत मध्यमानलाई हेर्दा समग्र मध्यमानका तुलनामा छात्र समूहको मध्यमान ०.१८ ले बढी देखिन्छ । समग्र मध्यमानभन्दा छात्रा समूहको मध्यमान ०.२७ ले कम रहेको छ । त्यसैगरी समूहगत मध्यमानको तुलना गर्दा छात्रा समूहभन्दा छात्र समूहको मध्यमान ०.४५ ले बढी

रहेकको पाइन्छ । छात्र समूहको मध्यमान समग्र मध्यमानभन्दा बढी र छात्राको समूहगत मध्यमानभन्दा पनि बढी भएबाट छात्रा समूहको तुलनामा छात्र समूहको निबन्धलेखन क्षमता उच्च रहेको छ भन्न सकिन्छ ।

समग्र मानक विचलनका तुलनामा छात्र समूहको मानक विचलन ०.०८ ले बढी देखिनुले समग्र मानक विचलन नजिक देखिन्छ । छात्रा समूहको मानक विचलन समग्र मानक विचलनभन्दा ०.०९ ले कम देखिएको छ । समूहगत रुपमा छात्रा समूहभन्दा छात्र समूहको मानक विचलन ०.१७ ले बढी रहेको छ । यसको अर्थ हको मानक विचलन ०.१७ ले बढी रहेको छ । यसको अर्थ छात्रा समूहभन्दा छात्र समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढी विचलित भएको पाइन्छ ।

तालिकामा हेर्दा मध्यमानका आधारमा छात्रा समूहभन्दा छात्र समूहको क्षमता उच्च देखिन्छ । त्यसैगरी मानक विचलनका आधारमा छात्रा समूहभन्दा छात्र समूह बढी विचलित भएको पाइन्छ । यस अर्थमा यी दुई समूहहरू बीचको क्षमतागत अन्तर स्पष्टै देखिन्छ । यसरी दुई समूहहरूको अन्तरलाई अझ वस्तुगत रुपमा पहिचान गर्न ०.०५ सार्थकताको तहमा 'T' को मान हेर्दा यी दुई समूहको निबन्धलेखन क्षमतामा सार्थक अन्तर रहेको विश्लेषित तथ्याङ्कले देखाउँछ । गणना गरिएको 'T' को मान (१.४१) भन्दा 'T' तालिकामा अङ्कित 'T' को मान (२.००) बढी भएको तथ्यले यस कुरालाई प्रष्ट्याउन थप प्रमाण दिएको छ । यसरी लैङ्गिक आधारमा छात्र र छात्राको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना मिथ्या साबित भएको छ ।

### ५.१.४ स्थानीयताका आधारमा ग्रामीण र सहरीया विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्रमानक विचलन | 'T' मान |
|---|---|---|---|---|---|---|
| ग्रामीण | ४० | ४.९८ | ५.५५ | १.१७ | १.४६ | ३.८३ |
| सहरीया | ४० | ६.१३ | | १.५० | | |

माथिको तालिकामा ग्रामीण विद्यालयतर्फ ४० र सहरी विद्यालयतर्फका ४० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याका रुपमा आएका छन् । समग्र मध्यमान ५.५५ छ । समूहगत रुपमा मध्यमान हेर्दा ग्रामीण विद्यालयतर्फ ४.९८ र सहरी विद्यालयतर्फ ६.१३ रहेको छ । समग्र मानक विचलन १.४६ रहेको छ । समूहगत रुपमा मानक विचलन ग्रामीण र सहरी विद्यालयको क्रमशः १.१७ र १.५० अङ्कित छ । दुवै समूहबीच तुलना गर्दा 'T' मान ३.८३ रहेको देखिन्छ ।

यहाँ समग्र मध्यमानका आधारमा समूहगत मध्यमानतर्फ हेर्दा ग्रामीण विद्यालयका विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा ०.५७ ले कम र सहरी विद्यालयका विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा ०.५८ ले बढी देखिन्छ । ग्रामीण विद्यालयका विद्यार्थीहरूको तुलनामा सहरी विद्यालयका विद्यार्थी समूहको मध्यमान १.१५ ले बढी छ । यसबाट ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताभन्दा सहरी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको छ भन्न सकिन्छ ।

यसैगरी समग्र मानक विचलनलाई आधार मान्दा ग्रामीण र सहरी विद्यालयका दुवैं समूहका विद्यार्थीहरूको समूहगत मानक विचलन क्रमशः १.१७ र १.५ रहेको पाइन्छ । ग्रामीण विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा ०.२९ ले कम र सहरी विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा ०.०४ ले बढी विचलित रहेको छ । ग्रामीण विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन सहरी विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन भन्दा ०.३३ ले कम विचलित छ । यसरी सहरी विद्यालयका विद्यार्थीहरूको समूहगत मध्यमान र मानक विचलन दुवै ग्रामीण विद्यालयका विद्यार्थीहरूको समूहगत मध्यमान र मानक विचलनभन्दा बढी देखिनुले सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च देखिन्छ । यसलाई अझ वस्तुगत रुपमा केलाउन ०.०५ सार्थकताको तहमा 'T' को मान हेर्दा यी दुई समूहको

निबन्धलेखन क्षमतामा सार्थक अन्तर रहेको तथ्याङ्कले देखाउँछ । गणना गरिएको 'T' को मान (३.८३) भन्दा 'T' तालिकामा अङ्कित 'T' को मान (२.०) बढी भएको तथ्यले यस कुराको पुष्टि गरेको छ । यसरी ग्रामीण विद्यालय र सहरी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने कुरा प्राक्कल्पना मिथ्या साबित भएको छ ।

### ५.१.५ सारांश

प्रस्तुत अध्ययनमा प्रतिशत, मध्यमान र मानक विचलनका आधारमाा शोधकर्ताले लिइएका विभिन्न समूह, वर्गबाट लिइएको तथ्यका आधारमा ती समूहहरूबीच निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार सरकारी विद्यालयका विद्यार्थीहरूको तुलनामा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ । यसैगरी छात्राका तुलनामा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो देखिएको छ । नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूबीच खासै अन्तर देखिदैन । ग्रामीण विद्यालयका विद्यार्थीहरूको तुलनामा सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च देखिएको छ ।

# परिच्छेद - छ
# निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

प्रस्तुत कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छ :-

१.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ५५ प्रतशतलाई आधार मानी हेर्दा ५५ प्रतिशत भन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीसङ्ख्या ४७.५ प्रतिशत मापन गराउन सफल देखिनुले कञ्चनपुर जिल्ला कक्षा दस (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ ।

१.२ समग्र विद्यार्थीहरूको समग्र मध्यमानका आधारमा निबन्धेखन क्षमताको मापन गर्दा मध्यमानभन्दा माथि ४७.५ प्रतिशत विद्यार्थीहरू मात्र रहेको देखिनुले विद्यार्थीहरूले निबन्धलेखन क्षमताको कमजोरपनाको स्थिति देखिन्छ ।

१.३ सरकारी विद्यालयसमूहका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३४ प्रतिशत र ५५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६६ प्रतिशत भएकाले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता अतिकमजोर देखिन्छ ।

१.४ सरकारी विद्यालयसमूहका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई समूहगत रुपमा हेर्दा मध्यमानभन्दा माथि  ३४ प्रतिशत र मध्यमानभन्दा तल ६६ प्रतिशत देखिनाले कञ्चनपुर जिल्लाका कक्षा दस (१०) मा अध्ययनरत सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता अति कमजोर देखिन्छ ।

१.५ निजी विद्यालयसमूहका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५५ प्रतिशतभन्दा माथि ७० प्रतिशत विद्यार्थी रहनुले निजी

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्तर उच्च रहेको देखिन्छ ।

१.६ समूहगत मध्यमानका आधारमा निजी विद्यालय समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई अध्ययन गर्दा समूहगत मध्यमानभन्दा माथि ५० प्रतिशत र मध्यमानभन्दा तल ५० प्रतिशत विद्यार्थीसङ्ख्या देखिनुले निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य रहेको देखिन्छ ।

१.७ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई लिएर हेर्दा ५५ प्रतिशतभन्दा माथि क्षमतामापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ४७.२ प्रतिशतमात्र अङ्कित गरिनुले नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको सन्तोषजनक नतिजा पाउन सकिँदैन ।

१.८ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई मध्यमानका आधारमा हेर्दा समूहगत मध्यमानभन्दा माथि ४७.२२ प्रतिशतमात्र विद्यार्थी रहनुले निबन्धलेखन क्षमताको स्तर लगभग कमजोर नै मानिन्छ ।

१.९ निबन्धलेखन क्षमतालाई लिएर प्रतिशताङ्क गणना गर्दा ५५ प्रतिशतभन्दा माथि ५० प्रतिशत र तल ५० प्रतिशत विद्यार्थी बराबरी रहनुले नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्तर सामान्य वा सन्तोषजनक नै देखिन्छ ।

१.१० समूहगत मध्यमानका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य पाइन्छ । समूहगत मध्यमानभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ५० प्रतिशत र समूहगत मध्यमानभन्दा तल ५० प्रतिशत रहनुले यस कुराको पुष्टि हुन्छ ।

१.११ समूहगत मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई हेर्दा ५५ प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीसङ्ख्या ४१.४४ प्रतिशत रहनुले छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ ।

१.१२ समूहगत मध्यमानका आधारमा छात्रा विद्यार्थीहरुको निबन्धलेखन क्षमता निराशाजनक पाइन्छ, जसलाई समूहगत मध्यमानभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ४१.४४ देखिनुले यस कुराको पुष्टि हुन्छ ।

१.१३ छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता ५५ प्रतिशतलाई आधार मानी हेर्दा यसभन्दा माथि ५२.२८ प्रतिशत विद्यार्थी सङ्ख्या रहनुले छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै मानिन्छ ।

१.१४ समूहगत मध्यमानभन्दा माथि ५२.२८ प्रतिशत विद्यार्थीहरूले मात्र निबन्धलेखन क्षमताको मापन गराउन सफल भएको देखिन्छ । त्यसैले निबन्धलेखन क्षमतामा छात्र विद्यार्थीहरूको क्षमता सन्तोषजनक देखिन्छ ।

१.१५ ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई लिएर प्रतिशताङ्क स्थिति गणना गर्दा सन्तोषजनक नतिजा पाउन सकिदेन किनकि ५५ प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङख्या ३२.५ प्रतिशतमात्र अङ्कित गरिएको छ ।

१.१६ समूहगत मध्यमानभन्दा माथि ५२.५० प्रतिशत विद्यार्थीहरूले मात्र निबन्धलेखन क्षमताको मापन गराउन सफल भएको देखिन्छ । यसबाट ग्रामीण विद्यालयका विद्यार्थीहरूको स्तर सामान्य देखिन्छ ।

१.१७ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई लिएर प्रतिशताङ्क स्थिति गणना गर्दा सन्तोषजनक पाउन सकिन्छ, किनकि ५५ प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ६२.५ प्रतिशत अङ्कित गरिएको छ ।

१.१८ समूहगत मध्यमानका आधारमा सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता निराशाजनक देखिन्छ जसलाई समूहगत मध्यमानभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ४० प्रतिशतमात्र रहनुले यस कुराको पुष्टि गरेको छ ।

१.१९ संस्थागत पृष्ठभूमिका आधारमा निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्दा सरकारी विद्यालय समूहका विद्यार्थीहरू निजी विद्यालय समूहका विद्यार्थीहरूको तुलनामा अपेक्षाकृत कम प्रतिशत अगाडि देखिन्छन् । यस कुराले दुवै समूहका विद्यार्थीहरूका बीच सार्थक अन्तर रहेको प्रष्ट हुन्छ । गणना गरिएको 'T' को मानभन्दा ०.०५ सार्थकताको तहमा 'T' तालिकामा दिएको 'T' को मान कम हुनुले यस तथ्यको पुष्टि गरेको छ ।

१.२० समग्र विद्यार्थी सङ्ख्याका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूका तुलनामा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको पाइन्छ ।

१.२१ लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको तुलना गर्दा छात्रहरु छात्राहरूका तुलनामा अपेक्षाकृत बढी प्रतिशत अगाडि देखिन्छन् । छात्र र छात्राबीच निबन्धलेखन क्षमतामा सार्थक अन्तर रहेको कुरा गणना गरिएको 'T' को मानभन्दा ०.०५ सार्थकताको तहमा 'T' तालिकामा दिएको 'T' को मान बढी भएको तथ्यले सत्य साबित गरेको छ ।

१.२२ स्थानीयताका आधारमा निबन्धलेखन क्षमताको तुलना गर्दा ग्रामीण विद्यालयका विद्यार्थीहरूभन्दा सहरी विद्यालयका विद्यार्थीहरूको प्रतिशत बढी देखिन्छ । ग्रामीण र सहरी विद्यालयका विद्यार्थीहरूबीच निबन्धलेखन क्षमतामा सार्थक अन्तर रहेको कुरा गणना गरिएको 'T' को मानभन्दा ०.०५ सार्थकताको तहमा 'T' तालिकामा दिएको 'T' को मान कम देखिनुले यस कुराको पुष्टि भएको छ ।

## ६.२ सुझाव

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरू दिइएको छ :-

१. भाषापाठ्पुस्तकहरूमा लेखाइ सीपलाई प्राथमिकता दिनका लागि भाषाका चारवटै सीपहरूमध्ये लेखाइ सीपलाई विशेष महŒवका साथ समावेश गरी पाठ्यपुस्तक निर्माण गरिनुपर्दछ ।

२. निबन्धलेखन क्षमता लेखाइ सीपको विशिष्ट कार्यकलाप भएकाले भाषापाठ्यपुस्तकमा यसलाई विशेष स्थान दिनुपर्दछ ।

३. भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरुको उमेर, क्षेत्र, लिङ्ग, भाषिक पृष्ठभूमि स्थानीयताजस्ता पक्षलाई ध्यानमा राखी पाठ्यवस्तुको छनोट र स्तरण गर्नुपर्दछ ।

४. विद्यालय तहमा निबन्ध विधालाई मात्र शिक्षण नगरी निबन्धलेखन शिक्षणलाई विशेष जोड दिने खालका पाठ्यपुस्तकहरू छनोट र स्तरण गरिनुपर्दछ ।

५. प्रत्येक निबन्ध विधा शिक्षणसँगसँगै निबन्ध लेखन शिक्षणलाई पनि अभ्यास खण्डमा समावेश गरिनुपर्दछ ।

६. निबन्धलेखन कला विद्यार्थीहरूको लेखनकला जाँच्ने विशिष्ट लेखाइ सीप भएकाले समसामयिक विषयमा विद्यार्थीहरूलाई निबन्ध लेखन गराउनुपर्दछ ।

७. कुनै विषयमा विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाई आदि, मध्य र अन्त्यको निबन्धात्मक ढाँचामा लेख्न प्रेरित गर्नुपर्दछ ।

८. प्रत्येक कक्षामा अध्यापन गराइने आधिकारिक नेपाली पाठ्यपुस्तकबाहेक पाठ्यक्रम विकास केन्द्रबाट नै स्तर अनुकूल विभिन्न प्रकारका निबन्धहरू समावेश गरी निबन्धलेखनसम्बन्धी आधिकारिक अलग्गै पुस्तक संयोजन गरिनुपर्दछ ।

९. माध्यमिक तह तथा एस.एल.सी. परीक्षामा समावेश गरिने प्रश्नपत्रहरूमा निबन्धलेखनसम्बन्धी प्रश्नलाई अनिवार्य गरिनुपर्दछ ।

१०. नेपाली विषयलाई हेय दृष्टिले हेर्ने र अन्य विषय पढेको शिक्षकले पनि नेपाली पढाउन सक्छ भन्ने परिपाटीको अन्त्य गरी नेपाली विषयमा नै विशिष्टीकरण गरेका विषयशिक्षकद्वारा पढाउनु पर्ने परिपाटीलाई कडाइका साथ लागू गरिनुपर्दछ ।

११. माध्यमिक तहको अनिवार्य नेपालीको प्रश्नपत्रमा दस (१०) पूर्णाङ्कको निबन्ध लेखन समावेश गरिने हुँदा निबन्ध लेखन शिक्षणलाई विशेष जोड दिनुपर्दछ ।

१२. निबन्धलेखन कलालाई अभिवृद्धि गर्न नेपाली विषयशिक्षकले कक्षामा नै कुनै शीर्षक दिई निबन्ध लेखाउने परिपाटी बसाल्नुपर्दछ ।

१३. निजी विद्यालयहरूमा नेपाली विषयलाई केवल औपचारिक रुपमा मात्र अध्यापन गराइनुले नेपाली भाषाप्रति नै विद्यार्थीहरूमा वितृष्णा पैदा हुनेमात्र नभई उनीहरुको सिर्जनात्मक लेखन क्षमता नै खुम्चिने हुँदा यस्तो परिपाटीको अन्त्य गर्नुपर्दछ ।

१४. सरकारी विद्यालयहरूमा निबन्धलेखनप्रति त्यति चासो नगरिएको र लेखनकला नै कमजोर देखिएकाले लेखन क्षमता अभिवृद्धि गर्न र विद्यार्थीहरूमा लेख्ने बानीको विकास गर्न अध्यापनका कममा कालोपाटी नजिक उभिई व्याख्यान विधिबाट मात्र नेपाली पढाउने परिपाटीको अन्त्य गरी विद्यार्थीहरूलाई नै सक्रिय बनाउने अन्य विधिहरूबाट पनि अध्यापन गराउनुपर्दछ ।

१५. विद्यालयहरूमा पाठ्यपुस्तकहरूमा निर्धारित निबन्ध विधा त शिक्षण गरिन्छ तर निबन्धलेखन शिक्षण नगरिने हुनाले निबन्ध विधा शिक्षणभन्दा निबन्धलेखन शिक्षणमा बढी जोड दिनुपर्दछ ।

१६. निबन्धलेखन क्षमतालाई अभिवृद्धि गर्न अतिरिक्त कियाकलापको रुपमा निबन्धलेखन प्रतियोगिता अथवा कक्षा स्तरमा नै निबन्ध प्रतियोगिता आयोजना गरी विद्यार्थीहरूलाई निबन्धलेखन कार्यप्रति अभिप्रेरिरत गरिनुपर्दछ ।

१७. जिल्लास्तरमा हुने निन्बधलेखन प्रतियोगितामा विद्यार्थीहरूलाई भाग लिन उत्साहित गरी उनीहरूको निबन्धलेखन क्षमतालाई विकास गर्दै लैजानुपर्दछ ।

१८.शैक्षिक भ्रमणमा गएको बेला जुन ठाउँमा गइन्छ सोही ठाउँका बारेमा विद्यार्थीहरूलाई निबन्धात्मक रचना लेख्न लगाई उनीहरूको लेखनकलालाई विकसित पार्नुपर्दछ ।

१९. निजी विद्यालयहरूमा निर्धारित पाठ्यपुस्तकमा मात्र समावेश निबन्धहरूको सुगा रटाइ गर्ने परिपाटीलाई निरुत्साहित गरी विभिन्न पत्र- पत्रिका, लेख रचनामा समावेश शीर्षक दिई उनीहरूको सिर्जनात्मक लेखनसीपलाई बढावा दिनुपर्दछ ।

२०. ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिनाका कारण निबन्धलेखनप्रति वास्ता नगरेको देखिन्छ, त्यसेले विषयशिक्षकले पाठ्यपुस्तकमा समावेश निबन्ध विधाको मात्र शिक्षण नगरी निबन्धलेखन शिक्षणप्रति पनि विशेष जोड दिनुपर्दछ ।

२१. अधिकांश विद्यालयहरूमा अनिवार्य नेपाली पढाउने शिक्षक विषयशिक्षक नै नभएका, तालिम अप्राप्त साथै तालिम प्राप्त भएपनि पुरानो परम्परागत शैली अपनाई अध्यापन गराइएको पाइनुले राज्यस्तरबाट उनीहरूलाई नवीन शैलीमा अध्यापन गराउन बेलाबेलामा तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनुर्पछ ।

२२. नेपाली भाषा पाठ्यपुस्तकमा निबन्ध विधा समावेश गरिएको भए पनि निबन्धलेखन विधाप्रति त्यति चासो नलिएको हुँदा निबन्धलेखन क्षमता कमजोर भएको हो कि भन्ने कुरा अध्येतालाई महसुस भएको देखिन्छ । तसर्थ भाषा पाठ्यपुस्तकमा निबन्ध विधाभन्दा निबन्धलेखन विधालाई बढी जोड दिइनुपर्दछ ।

## ६.३ शैक्षिक प्रयोजन

भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीप महŒपूर्ण सीप हो । लेखाइ सीपअन्तर्गत निबन्धलेखन क्षमतालाई विशिष्ट कार्यकलापका रुपमा लिइन्छ । निबन्धलेखन क्षमताले भाषिक सीपसँग सोझो सम्बन्ध राख्दछ । भाषाका चारवटै सीपहरू एकआपसमा अन्तर्सम्बन्धित हुन्छन् । भाषिक सीपहरूलाई अलग्याएर शिक्षण गर्दा यिनीहरूको केही पनि अस्तित्व रहदैन । लेखाइ सीप भाषाको प्रदानात्मक सीप हो, जसले विचारको सम्प्रेषण गर्दछ ।

अतः प्रस्तुत अनुसन्धान अध्ययनको शैक्षिक प्रयोजन निम्नलिखित छ :

१. यस अनुसन्धान अध्ययनबाट नेपाली भाषापाठ्क्रम निर्माण, परिष्कार र परिमार्जन गर्न सहयोग मिल्नेछ ।
२. प्रस्तुत अध्ययनले भाषापाठ्यक्रममा समावेश गरिने भाषिक सीपका उद्देश्य पूरा हुने गरी विधागत छनोट तथा विधागत क्षेत्र निर्धारण गर्न सहयोग गर्नेछ ।
३. भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने भाषिक सीपहरू विद्यार्थीहरूको क्षेत्र, लिङ्ग, स्थानीयता, भाषिक पृष्ठभूमि, उमेर आदि कुरामा विशेष ध्यान दिई समावेश गर्नुपर्दछ भन्ने कुरामा सचेत गराउँदछ ।
४. विद्यालय तहमा निबन्ध विधा शिक्षण प्रक्रियाको आवश्यकता बोध गराउनेछ ।
५. प्रस्तुत अध्ययनले विद्यालय तहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको मनोविज्ञानलाई ख्याल गरी उनीहरूको रुचिअनुसारका पाठ्यपुस्तक निर्माण गनुपर्दछ भन्ने कुरामा सहयोग गर्नेछ ।
६. निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य अनुसन्धान अध्ययनका लागि यो अनुसन्धान आधार बन्नेछ ।
७. भाषा शिक्षणका विधि तथा पद्धतिहरूमा पनि थप सहयोग गर्नेछ ।

८. नेपाली भाषा शिक्षण गर्दा विषयशिक्षकलाई भाषिक सचेतताका बारेमा थप सहयोग गर्नेछ ।

९. भाषापाठ्यपुस्तकमा निबन्धलेखन शिक्षणको अपहिार्यतालाई देखाई निबन्धलेखन क्षमता अभिवृद्धि गर्न सहयोग गर्नेछ ।

१०. विद्यालयस्तरमा निबन्धलेखन शिक्षणको महŒवका बारेमा स्पष्ट पार्नेछ ।

११. विद्यालय तहका विद्यार्थीहरूमा नेपाली भाषाको लेखाइ क्षमता वृद्धि गर्न सहयोग गर्नेछ ।

१२. भाषिक सीपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्येतालाई सहयोग गर्नेछ ।

१३. प्रस्तुत अध्ययनले लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग गर्नेछ ।

## ६.४ अध्ययनका सीमाहरू

अनुसन्धान आफैँमा एक जटिल र सिर्जनशील कार्य हो । यस्तो खोजमूलक कार्य गर्नको निम्ति अथक परिश्रम, दृढ निश्चय र ठूलो साहसको आवश्यकता पर्दछ । त्यसमा पनि निबन्धलेखन क्षमताजस्तो जटिल विषयमा अध्ययन अनुसन्धान गर्दा कतिपय बाधा, अवरोधहरू आउनु स्वाभाविक नै हो । कुनैपनि अध्ययनको क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । समयको सीमितता, आर्थिक अभाव र भौगोलिक विकटताका कारणले अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ भएकोले अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपरेको छ । प्रस्तुत अध्ययनका थुप्रै कमी कमी-कमजोरी तथा सीमाहरू छन् । यस अध्ययनका सीमाहरू बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएका छन् :

(१) कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्दा सम्पूर्ण जिल्लाभरिका विद्यार्थीहरू समेट्ने गरी प्रतिनिधि नमुना जनसङख्या छनोट गर्नुपर्ने हो तर यस अध्ययनमा ८ वटा विद्यालयका जम्मा ८० जना विद्यार्थीहरू मात्र समेटिएका छन् किनकि जिल्लाका दुर्गम गाउँहरूमा समयको सीमितताका कारण पुग्न सकिएन ।

(२) जिल्लाभरिका आठवटा प्रतिनिधि विद्यालयहरूमध्ये चारवटा सरकारी र चारवटा निजी विद्यालय छनोट गर्नुपर्ने हो तर निजी विद्यालयको व्यस्तताका कारणले पाँचवटा सरकारी र तीनवटा निजी विद्यालय छनोट गरिएका छन् ।

(३) सरकारी र निजी विद्यालयका ४०/४० जना विद्यार्थीहरू छनोट गर्नुपर्ने, जसले गर्दा तथ्याङ्कको नतिजा विश्वसनीय हुन्छ, तर ५० जना सरकारी विद्यालयबाट र ३० जना मात्र निजी विद्यालयबाट छनोट गरिएका छन् ।

(४) ८० जना विद्यार्थीहरूमध्ये ४० जना छात्र र ४० जना छात्रा विद्यार्थीहरूको छनोट गर्नुपर्ने तर ४४ जना छात्र र ३६ जना छात्राहरूमात्र समावेश गरिएका छन् ।

(५) विभिन्न विद्यालयहरूबाट ८० जना प्रतिनिधि नमुना जनसङ्ख्यामध्ये ४० जना नेपाली मातृभाषी तथा ४० जना नेपाली विमातृभाषी विद्यार्थीहरू समावेश गर्नुपर्ने तर नेपाली विमातृभाषी विद्यार्थीहरूको न्यून उपस्थिति तथा उनीहरूको सीमित जनसङ्ख्या भएका कारण ७२ जना नेपाली मातृभाषी र ८ जनामात्र विमातृभाषी विद्यार्थीहरू छनोटमा परेका छन् ।

(६) प्रतिनिधि नमुना जनसङ्ख्या छनोट गर्दा समावेशीको आधारमा गर्नुपर्ने तर यसो गर्दागर्दै पनि सबै जातजाति, भाषाभाषी पृष्ठभूमि भएका विद्यार्थीहरूलाई समावेश गर्न सकिएन ।

(७) विद्यार्थीहरूलाई दुईवटा शीर्षक (आत्मपरक र वस्तुपरक) दिई निबन्ध लेखाइएको भए पनि व्याख्या, विश्लेषण र तुलना गर्दा छुट्टाछुट्टै शीर्षकमा विद्यार्थीहरूको क्षमता के-कस्तो छ ? भनी तुलना नगरी समग्र रुपमा मात्र गरिएको छ ।

## ६.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अनुसन्धान एक निरन्तर चलिरहने प्रक्रिया हो । यसको गन्तव्य कहिल्यै पूरा हुँदैन । एउटा सानो अनुसन्धानले कुनै पनि विषयको सम्पूर्णताको खोजी गर्न सकिँदैन । यसका विभिन्न सीमा र अवरोधहरू हुन्छन् । अनुसन्धान भनेको नै ठूलो महासागरबाट आफूले चाहेजति पानीको तृष्णा मेटाउनु सरह हो, किनकि यसको पूर्ण र अन्त्य हुँदैन । यसलाई सबै पक्षबाट निरन्तरता दिनुपर्दछ । त्यसैले अध्येताले प्रस्तुत अध्ययनका सन्दर्भमा रहेर निम्नलिखित शीर्षकमा भावी अनुसन्धान हुनु आवश्यक ठानेको छ :-

१. कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको सारांशलेखन क्षमताको तुलनात्मक अध्ययन ,
२. निम्न माध्यमिक तहका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन,
३. कक्षा ७ पूरा गरेका सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन,
४. कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन,
५. कक्षा ९ पूरा गरेका विद्यार्थीहरूको आत्मपरक र वस्तुपरक निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन,
६. कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूको अनुभव वर्णन क्षमताको अध्ययन,
७. कक्षा चार पूरा गरेका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन,
८. कक्षा दशमा अध्ययनरत विमातृभाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमताको अध्ययन,
९. कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको अनुलेखन क्षमताको अध्ययन,
१०. प्राथमिक तह पूरा गरेका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन,

# सन्दर्भग्रन्थसूची


१. अधिकारी, हेमाङ्गराज (२०५३), **भाषाशिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

२. ............... (२०५३), **नेपाली भाषाशिक्षण**, ते.स. काठमाडौंः कुञ्जल प्रकाशन ।

३...................(२०५६), **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौंः रत्नपुस्तक भण्डार ।

४. ...............(२०५५), **समसामयिक नेपाली व्याकरण**, दो.स., काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

५. अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), **प्रारम्भिक नेपाली शिक्षण**, चौ.सं., काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

६. अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा, २०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौंः विद्यार्थी पुस्तक प्रा.लिं ।

७. अवस्थी, महादेव र पारसमणि भण्डारी तथा अन्य (२०५२), **सरल नेपाली व्याकरण र रचना (कक्षा ९ र १०),** काठमाडौंः एकता बुक्स ।

८. कार्की, उपेन्द्र (२०५५), **शैक्षिक मापन तथा मूल्याङ्कन**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

९. खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान पद्धति**, दो.सं., काठमाडौंः साझा प्रकाशन ।

१०. गौतम, रामप्रसाद (२०६१), **भाषिक अनुसन्धान विधि**, काठमाडौंः दीक्षान्त पुस्तक भण्डार, कीर्तिपुर ।

११. गौतम, वासुदेव (२०५८), **नेपाली भाषाशिक्षण,** काठमाडौंः न्यू हिरा बुक्स एण्ड इन्टरप्राइजेज कीर्तिपुर ।

१२. ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०५८), **शिक्षामा मापन र मूल्याङ्कन**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

१३. ढकाल, शान्तिप्रसाद (२०६२), **नेपाली भाषाशिक्षण परिचय र प्रयोग**, काठमाडौंः मनकामना बुक्स एण्ड स्टेसनरी ।

१४. ढुङ्गेल,भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), **परिचयात्मक नेपाली भाषाशिक्षण**, काठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

१५. ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), **प्रायोगिक भाषाविज्ञान**, कठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

१६. दाहाल, वल्लभमणि र अन्य (२०४३), **अनिवार्य नेपाली शिक्षण-निर्देशन**, काठमाडौंः पा.वि.के.,त्रि.वि., कीर्तिपुर ।

१७. निरौला, दिपकबाबु (२०६२), **कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन;** अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

१८. पाठ्यक्रम विकास केन्द्र (२०४९), **प्राथमिक शिक्षा पाठ्यक्रम**, सानोठिमीः भक्तपुर ।

१९. …………(२०५०), **निम्नमाध्यमिक नेपाली पाठ्यक्रम**, दो.सं. २०५७, सानोठिमीः भक्तपुर ।

२०. ………….(२०५५), **माध्यमिक नेपाली पाठ्यक्रम**, दो.सं. २०५७, सानोठिमीः भक्तपुर ।

२१. …………….(२०६१), **निम्नमाध्यमिक तहको विशिष्टीकरण तालिका**, सानोठिमीः भक्तपुर ।

२२………………..(     ), **माध्यमिक तहको विशिष्टीकरण तालिका**, सानोठिमीः भक्तपुर ।

२३. पोखरेल, बालकृष्ण (२०३२), **नेपाली भाषा र साहित्य**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

२४. बन्धु , चुडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदनलेखन**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

२५. भण्डारी, द्वारिका (२०६३), **कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको अध्ययन;** अप्रकाशित शोधपत्र ने.भा.शि.व., त्रि.वि., कीर्तिपुर ।

२६. यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५९), **भाषाविज्ञान**, दो.सं., काठमाडौंः न्यू हिरा बुक्स इन्टरप्राइजेज कीर्तिपुर ।

२७. लम्साल, रामचन्द्र र अन्य (२०५७), **नेपाली शिक्षक निर्देशिका** (कक्षा दस), सानोठिमीः जनक शिक्षा सामग्री केन्द्र, भक्तपुर ।

२८. शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण,** कठमाडौंः न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

२९. शर्मा, गोपीकृष्ण (   ), **नेपाली निबन्ध परिचय**, काठमाडौंः रत्नपुस्तक भण्डार ।

३०. सुवेदी, राजेन्द्र (२०४३), **स्रष्टा-सृष्टि, द्रष्टा-दृष्टि** काठमाडौं: साझा प्रकाशन ।

३१…………(सम्पा २०६) **स्नातकोत्तर नेपाली निबन्ध** ते.स. काठमाडौं: पाठ्यसामग्री पसल ।

३२. श्रेष्ठ, दयाराम र अन्य (सम्पा, २०५६), **नेपाली (कक्षा नौ र दस)**, पुनर्मुद्रण (२०६३), सानोठिमी: पा.वि.के., भक्तपुर ।

**पत्रपत्रिकाहरू**

(क) **अनिवार्य नेपालीको एस. एल.सी. उत्तरपुस्तिका परीक्षण कुञ्जिका** २०६३, सानोठिमी: प.नि.का, भक्तपुर ।

(ख) सम्प्रेषण परिवार, **सम्प्रेषण** -अङ्क, १,२,३ , २०६१,२०६२,२०६३), ने.भा.शि.वि.,त्रि.वि. कीर्तिपुर ।

# परिशिष्ट क

## निबन्धलेखनमा उपयोग गरिएका प्रतिनिधि शीर्षकहरू :-

(१) मेरो जीवनको लक्ष्य

(२) नेपाली जनजीवन

(३) मेरो सगरमाथा

(४) प्राविधिक शिक्षाको महŒव

# परिशिष्ट ख

## नमुना विद्यालय तथा विद्यार्थीहरूको नामावली

## सरकारी विद्यालयहरूतर्फ

**(क) श्री निङ्गलौशेनी उच्च माध्यमिक विद्यालय गोवरैया, महेन्द्रनगर कञ्चनपुर**

१. हेमन्त भट्ट
२. माला चन्द
३. रञ्जितसिंह बोहरा
४. विकाश बोहरा
५. कृष्णानन्द कलौनी
६. महेश चन्द
७. वसन्ती चन्द
८. तारा खरेल
९. दिपेन्द्र चन्द
१०. श्यामानन्द भट्ट

**(ख) श्री भुवनेश्वरी माध्यमिक विद्यालय सिसैया, सुडा ३, कञ्चनपुर**

१. जयसिंह धामी
२. गणेशदत्त जोशी
३. केशव सार्की
४. अनिल वि.क.
५. पुष्करी कुमारी विष्ट
६. राधिका कुमारी खत्री
७. पुष्पराज भट्ट
८. परम्परा कुमारी भट्ट
९. फूलमति चौधरी
१०. सुसिला डगौरा

**(ग) श्री शारदा सरस्वती माध्यमिक विद्यालय कृष्णनगर, चाँदनी ५, कञ्चनपुर**

१. विक्की थापा
२. भरतसिंह भाट
३. पदमा कुमारी जैशी
४. माया कुमारी ठगुन्ना
५. प्रविन सुनार
६. जानकी भट्ट
७. दुर्गादत्त पन्त
८. राम बहादुर सुनार
९. मानमति कुमारी भट्ट
१०. राधिका भट्ट

**(घ) श्री भानु उच्च माध्यमिक विद्यालय दोधारा ३ कञ्चनपुर**

१. कमल खत्री
२. सपना घमिरे
३. अनिल बस्नेत
४. निर्मला कुमारी रोकाय
५. शोभा उपाध्याय
६. मिना कुमारी थापा
७. देवदत्त भट्ट
८. सीता कुमारी बुढा
९. हिरा कुमारी सुनार
१०. रमेशसिंह भण्डारी

**(ङ) श्री कृष्ण उच्च माध्यमिक विद्यालय कृष्णपुर ४ कञ्चनपुर**

१. गोमती कुमारी जोशी
२. दिल बहादुर चौधरी
३. सञ्जु भण्डारी
४. हर्केश सार्की
५. राजेन्द्र शाही
६. धरमसिंह ऐर
७. तारा कुमारी जोशी
८. गोमती भट्ट
९. भरत रावल
१०. मनिषा पनेरु

## निजी विद्यालयहरूतर्फ :-

**(क) श्री प्रभात विद्या निकेतन म.न.न.पा.१६ वसन्तपुर कञ्चनपुर**

१. गणेश बहादुर ओली
२. मञ्जु जोशी
३. धन बहादुर विष्ट
४. सुनिता भण्डारी
५. उत्तम नेगी
६. पूनम राना
७. जय बहादुर ठगुन्ना
८. वसन्ती बम
९. मनोज पन्त
१०. शंकर कामी

## (ख) राष्ट्रिय बाल विद्यालय महेन्द्रनगर कञ्चनपुर

१. अर्चना बोकटी
२. विरेन्द्र विष्ट
३. सुनिल चन्द
४. वसन्ती भट्ट
५. प्रतिभा सिंह
६. गौरव चन्द
७. प्रतिभा रावल
८. निर्मला चन्द
९. पुष्कर समाल
१०. विमल चन्द

## (ग) इन्टरनेशनल पब्लिक सेकेन्डरी स्कूल महेन्द्रनगर कञ्चनपुर

१. लोकराज जोशी
२. अर्चना भण्डारी
३. खगेश्वरी बोहरा
४. भानुभक्त जोशी
५. शशीप्रिया भट्ट
६. महेश भट्ट ‘ज्वलन्त’
७. सोनू खडायत
८. भवानीसिंह योञ्जन
९. सुनिल पन्थी
१०. सुनिल लामा

# परिशिष्ट ग

## निबन्ध म"ल्याङ्कन नम'नातालिका M-

विद्यालयको प्रकृति:- निजी लैङ्गिकता -छात्र

विद्यार्थीको नाम :- गणेशबहादुर ओली मातृभाषा :- नेपाली

निबन्धको शीर्षक :- मेरो जीवनको लक्ष्य

| विषयवस्तु संयोजन | | | | | प्रस्तुतीकरण | | | | | भाषिक शुद्धता | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अत्युतम (४) | उत्तम (३.५) | मध्यम (३) | निम्न (२) | निम्नतम (१) | अत्युत्तम (४) | उत्तम (३.५) | मध्यम (३) | निम्न (२) | निम्नतम (१) | उत्तम (२) | मध्यम (१.५) | निम्न (१) | निम्नतम (०.५) | १० |
| | — | | | | | — | | | | | | — | | ८ |

**स्पष्टीकरण :-**

विषयवस्तुकोसंयोजन :- शीर्षकसँग सम्बन्धित ज्ञानको प्रस्तुति, स्तरीयता र मौलिकता,

प्रस्तुतीकरण :- अनुच्छेदगठन, आदि, मध्य र अन्त्यको अनुक्रम निबन्धात्म स्वरुप,भाषिक शुद्धता :- वाक्यगठन, हिज्जे, चिन्हप्रयोग, वर्णविन्यास अर्थात् मानक भाषाको प्रयोग